# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १२३ | काठमाडौं | शुक्रबार, ०७ भदौ २०८१ | Prabhab National Daily | Friday, August 23, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**विपद व्यवस्थापनमा सहयोगी बनौ**

- विपदले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं,
- उद्धार, राहत, पुर्नस्थापना, पुनर्लाभ सहभागी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## चार सर्तमा हटाइयो 'टिकटक' प्रतिबन्ध

- सञ्चार मन्त्रालयमा सूचीकरण र 'पोइन्ट अफ कन्ट्याक्ट' तोक्नुपर्ने
- नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग गर्नुपर्ने
- डिजिटल सुरक्षा र साक्षरताका लागि सघाउनुपर्ने
- सार्वजनिक शिक्षालाई गुणस्तरीय र सूचना प्रविधिमा आधारित बनाउन सहयोग गर्नुपर्ने
- नेपाली तथा नेपालका मातृभाषाहरूको 'फिल्टरिङ' गर्नुपर्ने



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले सामाजिक सञ्जाल टिकटकमाथि लगाएको प्रतिबन्ध हटाउने निर्णय गरेको छ । मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले चार सर्तमा टिकटक खोल्न दिने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

'जुनसुकै सामाजिक सञ्जालले सामाजिक सञ्जाल सञ्चालन निर्देशिका, २०८० को दफा ३ अनुसार मन्त्रालयमा सूचीकरण हुनुपर्छ,' मन्त्रिपरिषद् बैठकबाट बाहिरिनेक्रममा मन्त्री गुरुङले भने, 'सूचीकरणपछि दफा ६ अनुसार प्वाइन्ट अफ कन्टयाक्ट तोक्नुपर्छ । टिकटकको सन्दर्भमा पनि त्यही हो ।'

उनले सूचीकरणसहित तोकिएका सर्तहरू पूरा गर्ने प्रतिबद्धता टिकटकका प्रतिनिधिले जनाएका कारण प्रतिबन्ध हटाउने निर्णय गरिएको बताए । 'टिकटकले मन्त्रालयमा सूचीकरण गर्ने र सर्तहरू पालना गर्ने प्रतिबद्धता जनाइसकेको छ । त्यही भएर प्रतिबन्ध हटाउने निर्णय गरिएको हो । नीतिगत निर्णय भयो, अब मन्त्रालयसँग सम्झौता गर्नुपर्छ र सामाजिक सञ्जाल सञ्चालन निर्देशिका, २०८० को दफा ६ अनुसार प्वाइन्ट अफ कन्टयाक्ट तोक्नुपर्छ । त्यसपछि मात्र निर्णय कार्यान्वयनमा आउँछ,' उनले भने ।

यसबाहेक टिकटक सञ्चालनका लागि चारवटा सर्त तोकिएको मन्त्री गुरुङले प्रस्ट पारे । 'पहिलो सर्त नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग गर्नुपर्ने छ । दोस्रोमा डिजिटल सुरक्षा र साक्षरताका लागि सघाउनुपर्ने छ । तेस्रो सार्वजनिक शिक्षालाई गुणस्तरीय र सूचना प्रविधिमा आधारित बनाउन सहयोग गर्नुपर्ने छ । र, चौथोमा नेपालीलगायत मातृभाषाहरूको फिल्टरिङ गरेर जे कारणले टिकटक बन्द गर्नुपर्ने परिस्थिति बनेको थियो, त्यो नहुने व्यवस्था गर्नुपर्ने छ,' उनले भने, 'फिल्टरिङ भनेको गालीगलौजका साथै सामाजिक दुर्भावना फैलाउने, सामाजिक अपराध फैलाउने भाषा प्रयोग हुन नहुने हो ।' यी सर्तहरू टिकटकसँगै अन्य सामाजिक सञ्जालको हकमा पनि लागू हुने उनको भनाइ छ ।

टिकटकले विकृति बढाएको र सामाजिक सद्भावमासमेत असर पारेको भन्दै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको पूर्ववर्ती सरकारले गत असोज २७ गते टिकटिकमाथि प्रतिबन्ध लगाएको थियो । उक्त प्रतिबन्धको स्वागत र विरोध दुवै भएका थिए । एक पक्षले टिकटकमार्फत बढ्दो विकृति नियन्त्रणमा सकारात्मक कदम भएको बताउँदै सरकारको निर्णयको समर्थन गरेको थियो ।

(क्रमशः पृष्ठ २ मा)

# राष्ट्रियसभाबाट विनासंशोधन पारित भयो टिआरसी विधेयक

## विधेयक पीडितमैत्री रहेको सांसदहरूको भनाइ



विधेयक पारित भएर कानुन बनेपछि सरकारले तुरुन्त आयोग गठन गर्नुपर्छ, फेरि पार्टीगत संकीर्णता राखेर आयोग बनाउन हुँदैन, शान्ति प्रक्रियालाई हरहालतमा सम्पन्न गर्ने विश्वासिलो आयोग चाहिएको छ ।

■ **नारायणकाजी श्रेष्ठ**
**संसदीय दलका नेता, माओवादी केन्द्र**



खासखास बेलामा राजनीतिक दल एक ठाउँमा उभिएका छौं, समस्या समाधान गर्न साझा प्रतिबद्धता व्यक्त गरेका छौं । शान्ति प्रक्रियाका कार्यभार टुंग्याउन पनि सबै एक ठाउँमा उभिनुपर्छ ।

■ **भगवती न्यौपाने**
**मुख्य सचेतक, नेकपा एमाले**



टिआरसी विधेयकले पीडितलाई न्याय प्राप्तिमा प्रशस्तै बाटो राखेको छ । कानुन बनेपछि यो प्रक्रियालाई विश्वसनीय बनाउन सरोकारवालाको सहकार्य सुनिश्चित गर्नेतर्फ विशेष ध्यान दिनुपर्छ ।

■ **वामदेव गौतम**
**राष्ट्रियसभा सदस्य**



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संक्रमणकालीन न्यायसँग सम्बन्धित (टिआरसी) विधेयक राष्ट्रियसभाबाट पारित भएको छ । बिहीबार सभाको बैठकले उक्त विधेयक विनासंशोधन पारित गरेको हो ।

प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रियसभामा प्राप्त बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०८१ सभाबाट पारित गरियोस् भन्ने प्रस्ताव कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले प्रस्तुत गरेका थिए ।

राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले उक्त प्रस्तावमाथि दफावार प्रारम्भ हुने जानकारी गराएका थिए । उनले उक्त प्रस्तावमाथि संशोधन प्रस्ताव दर्ता नभएको व्यहोरा जानकारी गराए । सो प्रस्तावमाथि दलीय आधारमा छलफल भएको थियो । राष्ट्रियसभाले उक्त विधेयक सर्वसम्मत पारित गरेर प्रतिनिधिसभामा फिर्ता पठाएको छ ।

उक्त विधेयक प्रतिनिधिसभाबाट गत साउन ३० गते पारित भएको थियो । सो विधेयक २०७९ फागुन २५ गते प्रतिनिधिसभामा दर्ता भएको थियो । प्रतिनिधिसभामा उत्पत्ति भएको सो विधेयक सभामुख देवराज घिमिरेबाट प्रमाणित भएर प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष जाने छ । राष्ट्रपतिबाट प्रमाणीकरण भएसँगै सो ऐन कार्यान्यवनमा आउने छ । संघीय संसद्को दुवै सदनबाट विधेयक पारित हुँदा न्यायको पर्खाइमा रहेका द्वन्द्वपीडितले ठूलो राहतको महसुस गर्न पाएका छन् ।

### 'विधेयकमा भएको व्यवस्था पीडितमैत्री'

राष्ट्रिसभाको बिहीबारको बैठकमा टिआरसी विधेयकमाथिको दफावार छलफलमा भाग लिँदै सांसदहरूले विधेयकमा गरिएको व्यवस्था पीडितमैत्री भएको बताए । नेकपा माओवादी केन्द्रका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्नु राजनीतिक दलहरूको प्रमुख जिम्मेवारी रहेको बताए । राष्ट्रियसभामा माओवादी संसदीय दलका नेता श्रेष्ठले संस्थापन पक्ष र सशस्त्र संघर्ष गरिरहेको राजनीतिक शक्तिबीच राजतन्त्रका विरुद्ध र लोकतन्त्रका पक्षमा हातेमालो गरेर अघि बढेको सन्दर्भ विश्वमै नौलो रहेको उल्लेख गरे । 'नेपालको शान्ति प्रक्रिया मौलिक ढंगको छ, द्वन्द्वको कारण र परिणामलाई आत्मसात् गरेर अघि बढ्नुपर्छ,' उनले भने ।

शान्ति प्रक्रियाका मुख्य कार्यभारमध्ये राजनीतिक परिवर्तनलाई संविधानसभाद्वारा संविधान निर्माण गरेर संस्थागत गर्ने र नेपाली सेनाको लोकतान्त्रिकरण, माओवादी जनसेना समायोजन तथा हतियार व्यवस्थापन सम्पन्न भइसकेको जनाउँदै उनले संक्रमणकालीन न्यायसम्बन्धी कार्यभार पूरा हुने क्रममा रहेको स्पष्ट पार्नुभयो । 'संक्रमणकालीन न्यायका विषय पूरा गर्नैपर्छ, यसमा हामी सबै प्रस्ट हुनुपर्छ, विधेयकले पीडितको भावनालाई समेटेको छ,

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# सीपयुक्त महिला श्रमिक विदेसिने क्रम बढ्दो

## तीन वर्षमा एक लाख १७ हजारभन्दा बढी दक्ष महिला श्रमिक वैदेशिक रोजगारीमा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** देशभित्रै रोजगारीको अवसर नहुँदा बर्सेनि ठूलो संख्यामा नेपालीहरू वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता छ । पछिल्लो समय पुरुष सँगसँगै महिलाहरू पनि वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । वैदेशिक रोजगारीमा पुरुषमात्र नभई सीप सिकेर जाने महिला श्रमिकको संख्या बढ्दो क्रममा देखिएको छ ।

आर्थिक उपार्जन र रोजगारीको अवसर खोज्दै पछिल्लो तीन वर्षमा एक लाख १७ भन्दा बढी नेपाली दक्ष महिला कामदार विदेसिएको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ । उनीहरू नयाँ तथा पुनः श्रम स्वीकृति लिएर रोजगारीका लागि विभिन्न मुलुकमा पुगेका हुन् । बितेका तीन वर्षमा १३ लाख ३० हजार ७५८ जना सीपयुक्त दक्ष नेपाली श्रमिक रोजगारीका लागि विदेश जाँदा त्यसमा एक लाख १७ हजार २२८ जना महिला रहेका छन् । औसतमा प्रतिवर्ष ३९ हजारका दरले दक्ष महिला श्रमिकहरू वैदेशिक रोजगारीमा गएका छन् ।

विभागका अनुसार आर्थिक वर्ष २०७८/७९ मा २३ हजार ४३३, ०७९/८० मा ४३ हजार ५४२ र ०८०/८१ मा ५० हजार २५३ जना सीपयुक्त दक्ष महिलाले श्रम स्वीकृति लिएर विदेसिएका छन् । वैदेशिक रोजगारीमा जाने महिलाहरूको संख्या प्रत्येक वर्ष बढ्दै गइरहेको देखिन्छ भने सीप सिकेर जाने संख्या पनि बढ्दै गएको छ । यसरी महिलाहरू सीप सिकेर वैदेशिक रोजगारीका लागि सबैभन्दा बढी खाडी मुलुक र मलेसिया गएका विभागले जनाएको छ ।

**पछिल्ला तीन वर्षमा रोजगारीका लागि विदेसिएका महिला**

| | |
|---|---|
| विशिष्ट दक्षता भएका | २४० जना |
| पेसागत दक्षता भएका | ५२२ जना |
| सीपयुक्त दक्षता भएका | १,१७,२२८ जना |
| अर्धदक्ष | १६,०१६ जना |
| अदक्ष | ६७,४२८ जना |
| तीन वर्षमा कूल | २,०१,४३४ जना |

*स्रोतः वैदेशिक रोजगार विभाग*

**वैदेशिक रोजगारीमा जाने सीपयुक्त दक्ष महिला श्रमिकको संख्या बर्सेनि बढ्दै गए पनि अझै ठूलो संख्यामा अदक्ष श्रमिक जाने क्रम रोकिएको छैन**

विभागको तथ्यांकअनुसार सबैभन्दा धेरै सीपयुक्त महिला कामदार युएई, कुवेत, कतार, जोर्डन, साउदी र मलेसिया गएका छन् । यसरी जानेमा क्लिनिङसम्बन्धी सीप सिकेका, नर्सिङ, व्युटिपार्लर, गार्मेन्ट, हस्पिटालिटी सर्भिस, सेल्स एण्ड मार्केटिङसम्बन्धी सीप भएका महिलाहरू रहेका बताइएको छ । सीपयुक्त महिला श्रमिक खाडी तथा मलेसियासँगै अन्य मुलुकमा पनि जाने गरेको विभागले उल्लेख गरेको छ । पछिल्लो समय युरोपेली मुलुक, दक्षिण कोरिया, जापान, इजरायल, बेलायतजस्ता मुलुकमा पनि दक्ष महिला श्रमिकहरू रोजगारीका लागि जाने गरेका छन् ।

तीन वर्षको अवधिमा पेसागत दक्षता हासिल गरेका ५२२ जना महिलाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको विभागले उल्लेख गरेको छ । आर्थिक वर्ष २०७८/७९ मा ५३, ०७९/८० मा १०४ र ०८०/८१ मा ३६५ जना पेसागत दक्षता हासिल गरेका महिला विदेसिएका छन् । यसै अवधिमा विशिष्ट दक्षता (विशेषज्ञता) हासिल गरेका २४० जना महिला पनि विदेसिएको विभागले जनाएको छ ।

पछिल्ला तीन वर्षमा दुई लाख एक हजार ४३४ जना महिला श्रमिक वैदेशिक रोजगारीका लागि जाँदा विशिष्ट दक्षता (विशेषज्ञता) हासिल गरेका २४०, पेसागत दक्षता हासिल गरेका ५२२, सीपयुक्त दक्षता भएका एक लाख १७ हजार २२८ जना छन् भने सेमीस्किल्ड अर्थात् अर्धदक्ष १६ हजार १६ र अदक्ष ६७ हजार ४२८ महिला श्रमिक रहेको विभागले उल्लेख गरेको छ ।

वैदेशिक रोजगारीमा जाने सीपयुक्त दक्ष महिला श्रमिकको संख्या बर्सेनि बढ्दै गए पनि अझै ठूलो संख्यामा अदक्ष श्रमिकहरू रोजगारीका लागि विदेश गइरहेको विभागका निर्देशक एवं सूचना अधिकारी गुरुदत्त सुवेदीले बताए । उनका अनुसार विदेश जाँदा सीप सिकेर जाने क्रम बढ्दै गएको छ । 'सरकारले रोजगार मूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५ लागू गरेयता सीप सिकेर विदेश जाने श्रमिकको संख्या बढ्दै गएको छ,' उनले भने, 'त्यसमा पनि सीप सिकेर जाने महिला श्रमिकहरूको संख्या बर्सेनि बढेको देखिन्छ ।'

सुवेदीका अनुसार पछिल्ला आर्थिक वर्षहरूमा वैदेशिक रोजगारीमा जाने अदक्ष श्रमिकको संख्या क्रमशः घट्दै गइरहेको छ । यद्यपि, सीप विकास तालिम अनिवार्य हुँदाहुँदै पनि यसको कार्यान्वयनमा कठिनाइ भएका कारण अझै पनि ठूलो संख्यामा अदक्ष श्रमिक रोजगारीका लागि विदेश जाने क्रम नरोकिएको उनले बताए ।




पृष्ठ १ बाट क्रमशः

## राष्ट्रियसभाबाट...

मानवअधिकार उल्लंघनका घटनामा मुद्दा चलाउने व्यवस्था गरिएको छ,' उनले भने । उनले गम्भीर मानवअधिकार उल्लंघनका घटनामा माफी दिने वा मेलमिलाप नगर्ने, त्यसमा मुद्दा चलाउने र मेलमिलापमा पीडितको सहमति हुनुपर्नेलगायत व्यवस्था पीडितमैत्री रहेको बताए । विधेयक पारित भएसँगै बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलमिलाप आयोगलाई साधनसम्पन्न बनाउनुपर्नेमा जोड दिए । राजनीतिक पार्टी, नागरिक समाज र सरोकारवालाले पनि भरपूर सहयोग गर्नुपर्ने उनको भनाइ छ ।

'विधेयक पारित भएर कानुन बनेपछि सरकारले तुरुन्त आयोग गठन गर्नुपर्छ, फेरि पार्टीगत संकीर्णता राखेर आयोग बनाउन हुँदैन, शान्ति प्रक्रियालाई हरहालतमा सम्पन्न गर्ने विश्वासिलो आयोग चाहिएको छ,' नेता श्रेष्ठले भने ।

नेकपा एमालेकी मुख्य सचेतक भगवती न्यौपानेले शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गर्न सम्पूर्ण राजनीतिक दल एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिइन् । 'खासखास बेलामा राजनीतिक दल एक ठाउँमा उभिएका छौं, समस्या समाधान गर्न साझा प्रतिबद्धता व्यक्त गरेका छौं । शान्ति प्रक्रियाका कार्यभार टुंग्याउन पनि सबै एक ठाउँमा उभिनुपर्छ,' उनले भनिन् ।

पीडितले न्याय पाउने आशंका गरिएको उल्लेख गर्दै सांसद न्यौपानेले विधेयक निर्माणका क्रममा संविधान, अन्तर्राष्ट्रिय कानुन र सरोकार भएकाको सुझावलाई आत्मसात् गरिएको बताइन् । 'यो संक्रमणकालीन न्याय हो, दुईवटा द्वन्द्वरत पक्ष हात मिलाएर अघि बढिसकेका छौं,' उनले भनिन्, 'पीडितहरूले न्याय पाउँदैनन् भनेर फेरि शान्ति प्रक्रियालाई भड्काउन खोजिएको छ, विधेयकमा गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका विषयलाई आममाफी नदिइने विषय समेटिएको छ ।'

पीडितलाई राहत उपलब्ध गराउँदै परिपूरणको हक सुनिश्चित गरिएको जानकारी दिँदै सांसद न्यौपानेले बहिर्गमित लडाकुका साथै सुरक्षाकर्मीलाई पनि राहत र परिपूरणको व्यवस्था गरिएको स्पष्ट पारिन् ।

राष्ट्रियसभा सदस्य वामदेव गौतमले संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकले पीडितलाई न्याय प्राप्तिमा प्रशस्तै बाटो राखेको बताए । उनले पीडित केन्द्रित संक्रमणकालीन न्याय संरचनाको गठन हुनुपर्नेमा जोड दिए । कानुन पारित गरेर मात्रै शान्ति प्रक्रिया पूरा नहुनेमा जोड दिँदै उनले संक्रमणकालीन न्यायनिरूपण गर्ने आयोग बन्न नसक्नु विडम्बना भएको बताए । 'कानुन बनेपछि यो प्रक्रियालाई विश्वसनीय बनाउन सरोकारवालाको सहकार्य सुनिश्चित गर्नेतर्फ विशेष ध्यान दिनुपर्छ,' गौतमले भने ।

नेकपा एकीकृत समाजवादीका सांसद वेदुराम भुसालले संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकले शान्ति प्रक्रियालाई टुंग्याउन सक्नुपर्नेमा जोड दिए । जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिदले संक्रमणकालीन न्यायका विषयलाई टुंग्याएर मुलुकको समृद्धिमा सबैको ध्यान जानुपर्नेमा जोड दिए । राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले संक्रमणकालीन न्यायसँग सम्बन्धित कानुन र संरचनाले पीडितलाई उन्मुक्ति दिने र पीडितलाई न्याय नदिने आशंका व्यक्त गरे ।

नेपाली कांग्रेसका तत्कालीन नेता गिरिजाप्रसाद कोइराला र तत्कालीन नेकपा माओवादी (हाल माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले संयुक्तरूपमा ५ मंसिर २०६३ मा हस्ताक्षर गरेको विस्तृत शान्ति सम्झौतामा छिटो द्वन्द्वपीडितहरूलाई न्याय दिने भनिएको थियो । तर, बल्लतल्ल कानुन बन्यो । यसबीचमा संक्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई नेकपा एमाले र कांग्रेसले राजनीतिक सौदावाजीको आधार बनाए । केही न केही बखेडा झिकेर विधेयकमा सहमति जुटाउन ढिला गरे ।

यसैबीच गत असारको दोस्रो साता कांग्रेस, एमाले र माओवादी केन्द्र सम्मिलित एउटा कार्यदल बन्यो । कार्यदलले विधेयकमा विवादित विषयमाथि सहमति जुटाएसँगै अन्ततः शीर्ष नेतृत्व तहमा पनि समझदारी जुटेपछि साउन २९ गते संसद्मा विधेयक टेबुल गरिएको थियो । उक्त विधेयक साउन ३० गते प्रतिनिसभाबाट सर्वसम्मत पारित भएको थियो । सोही विधेयक बिहीबार राष्ट्रियसभाबाट पारित भएको हो ।

### विधेयकमा के छ ?

संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा मानवअधिकार उल्लंघनको परिभाषा गरिएको छ । त्यसमा नेपालको कानुन, अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुनविपरीत गरिएका जुनसुकै कार्यलाई परिभाषित गरिएको छ ।

जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसा र निःशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनाबद्धरूपमा सशस्त्र द्वन्द्वका पक्षबाट गरेको देहायको कार्य पनि समेटिएको छ । पहिले क्रुरतापूर्वक वा निर्ममतापूर्वक भन्ने शब्द राखिएको थियो । संशोधित विधेयकमा नियतपूर्वक र स्वेच्छाचारी बनाएका छन् ।

मेलमिलापका लागि स्वतन्त्र सहमति हुन नसकेका घटनामा नेपाल सरकार वादी हुने मुद्दामा महान्यायाधिवक्ता र मानवअधिकार उल्लंघनका अन्य घटनामा सम्बन्धित पीडित वा निजको हकवालालाई जानकारी दिनुपर्ने सहमति छ । मेलमिलाप भएको वा क्षमादानका लागि सिफारिसमा परेको अवस्थामा पनि पीडकलाई कानुनबमोजिम कारबाहीका लागि महान्यायाधिवक्तासमक्ष सिफारिस गर्न बाधा नपर्ने कार्यदलले सहमति गरेको छ । पीडक वा पीडितले आयोगसमक्ष मेलमिलापका लागि निवेदन दिएमा आयोगले पीडितको स्वतन्त्र सहमतिमा मानवअधिकारका गम्भीर उल्लंघनबाहेकका घटनामा पीडक र पीडितबीच आपसमा मेलमिलाप गराउनसक्ने पनि सहमति भएको छ । आयोगले पीडितको स्वतन्त्र सहमतिमा क्षमादानका लागि सिफारिस गर्ने भनिएको छ ।

सशस्त्र द्वन्द्वका क्रममा भएको कुनै घटनामा परी मृत्यु भएका, घाइते तथा अपांगता भएका सुरक्षाकर्मी वा निजका परिवारका सदस्यलाई निजहरूले गरेको योगदानको कदर र सम्मानका लागि आवश्यक राहत तथा सहयोगसहितको परिपूरण प्रदान गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने विधेयकमा उल्लेख छ । आयोगले सशस्त्र द्वन्द्वको क्रममा भएको कुनै घटनामा परी मृत्यु भएका, घाइते भएका तथा अपांगता भएका व्यक्ति वा निजका परिवारका सदस्य र बहिर्गमन व्यक्तिलाई आवश्यक राहत तथा सहयोगसहितको परिपूरण प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने प्रावधान छ ।

जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसाका घटनाबाहेकका मानवअधिकारको गम्भीर उल्लंघनका अन्य घटना र गम्भीर मानवअधिकार उल्लंघनका घटनामा तत्काल प्रचलित कानुनबमोजिमको सजायमा २५ प्रतिशत सजायको मागदावी लिन सक्ने व्यवस्था छ ।

## चार सर्तमा...

अर्कोपक्षले भने टिकटकमाको प्रतिबन्धले अभिव्यक्ति स्वतन्त्रमाथि नै अंकुश लगाउने खतरा बढाएको भन्दै सरकारको आलोचना गरेको थियो । टिकटकजस्ता सामाजिक सञ्जाल बन्द गर्नुको सट्टा नियमनमा कडाइ गर्नुपर्ने उक्त पक्षको तर्क थियो । टिकटक प्रतिबन्धको निर्णयविरुद्ध सर्वोच्च अदालतमा १४ वटा छुट्टाछुट्टै रिटसमेत दर्ता भएको थियो । गुगल, एप्पल, मेटा, अमेजन, याहु, लिंक्डइन, राकुटेनलगातका सामाजिक सञ्जाल कम्पनीका प्रतिनिधि संस्था एसिया इन्टरनेट कोअलिसन (एआइसी) ले सरकारलाई पत्र पठाएर टिकटकमाथिको प्रतिबन्धप्रति असन्तुष्टि जनाएको थियो । टिकटकमाथि प्रतिबन्ध लगाउनु अन्तर्राष्ट्रिय अभ्यासविपरीत भएको उक्त संस्थाको दाबी थियो ।

यता टिकटकले पटक-पटक सरकारलाई पत्राचार गरी प्रतिबन्ध हटाउन आग्रह गर्दै आएको थियो । सरकारलाई लेखेको पत्रमा नेपालको कानुनको पूर्ण पालना गर्ने, कानुनबमोजिम सूचीकृत हुनेलगायत सर्तहरू पालना गर्न तयार रहेको उल्लेख गरेको थियो ।

सरकारले प्रतिबन्ध लगाएपछि प्रयोगकर्ताहरूले भिपिएन र ओपन डिएनएस प्रयोग गरी टिकटक चलाइरहेका थिए । यसले अन्तर्राष्ट्रिय ब्याण्डविथको खपत बढाएको थियो । टिकटक प्रतिबन्धपछि नेपालका इन्टरनेट तथा टेलिकम कम्पनीहरूले भने ठूलो नोक्सानी बेहोर्नुपरेको दाबी गर्दै आएका थिए । ब्याण्डविथ खपत घट्दा आम्दानी गुमेको उनीहरूको तर्क थियो ।

# त्रिवि पदाधिकारीमाथि आक्रमणको धम्की दिनेलाई कडा कारबाहीको माग

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालयका पदाधिकारीमाथि सांघातिक हमलाको धम्की दिने व्यक्तिमाथि कडा कारबाहीको माग गरिएको छ । राष्ट्रियसभाको बिहीबारको बैठकको शून्य समयमा सांसद नरबहादुर विष्टले प्राज्ञिक थलोका रूपमा रहेको विश्वविद्यालयका पदाधिकारीमाथि आक्रमणको धम्की आउनुले मुलुकको सुरक्षा व्यवस्थाप्रति नै प्रश्न उब्जाएको बताए ।

'दुई वर्षअघि त्रिविका प्राध्यापकमाथि भौतिक आक्रमण गरेको योगेन्द्र रावल समूहले अहिले त्रिवि पदाधिकारीमाथि आक्रमणको धम्की दिएको छ, विश्वविद्यालयजस्तो प्राज्ञिक ठाउँमा सांघातिक हमलाको धम्की आउनु चिन्ताजनक छ, तत्काल दोषीमाथि कडा कारबाही गरियोस्,' सांसद विष्टले भने । सांसद उदयबहादुर बोहराले राप्ती राजमार्ग बाढी पहिरोका कारण अवरुद्ध भएकाले तत्काल सो राजमार्ग मर्मतसम्भार गरी यातायात सञ्चालनको व्यवस्था मिलाउन माग गरे । सांसद नारायणदत्त मिश्रले तीन दिनदेखिको अविरल वर्षाले कैलालीमा बाढी र डुबानका कारण करिब ५०० परिवार प्रभावित भएको जनाउँदै प्रभावितको उद्धारमा ध्यान दिन सरकारसँग माग गरे ।

सांसद मदनकुमारी शाह (गरिमा)ले प्रकृतिमाथि अत्यधिक दोहन गर्दा बाढी, पहिरोलगायत घटना बढ्न थालेको उल्लेख गर्दै प्राकृतिक विपत्तिका घटना न्यूनीकरणका लागि रुलिङको माग गरिन् । सांसद कमला पन्तले देशभर डेंगु संक्रमण र हैजा फैलनुको कारण पत्ता लगाएर जवाफ दिन सरकारलाई रुलिङ गर्न माग गरिन् । सांसद राजेन्द्रलक्ष्मी गैरेले महिला हिंसाको घटना न्यूनीकरणका लागि विशेष योजना ल्याउन माग गरिन् ।

सांसद उर्मिला अर्यालले हुम्लाको सर्केगाड गाउँपालिकाका उपाध्यक्ष चन्द्रसिंह कार्कीको सुर्खेतबाट नेपालगञ्ज आउँदै गर्दा सडक दुर्घटनामा परेर मृत्यु भएको उल्लेख गर्दै सडक दुर्घटना न्यूनीकरणका विशेष योजना ल्याउन सरकारको ध्यानाकर्षण गराइन् । सांसद भुवनबहादुर सुनारले चाडपर्वलाई लक्षित गरेर सडक दुर्घटना न्यूनीकरणका योजना सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद कृष्णप्रसाद पौडेलले चाडपर्व नजिकिएसँगै दैनिक उपभोग्य वस्तुको कालोबजारी, मिसावट र कृत्रिम अभाव हुन थालेको जनाउँदै बजार अनुगमनलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराए । सांसद महम्मद खालिदले कमला पुल पुनर्निर्माणको माग गर्दै अनशनरत युवाका स्वास्थ्य जटिल बन्दै गइरहेको जनाउँदै तत्काल माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराए ।


## PANCHKHAL MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVE
PANCHKHAL, KAVREPALANCHOK
BAGMATI PROVINCE, NEPAL

### Invitation for Bids

**Date of publication: 2081/05/07**

Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the construction works (as mentioned in the table below) under National Competitive Bidding procedures.

| S. N. | IFB NO. | Description of work | Estimated Amount (with VAT & PS) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | PMW1/NCB/WORKS/01/2081/82 | PADALICHAUR GHUMAUNECHAUR TIRTIREDHARA ROAD UPGRADING | 1,32,78,838.02/- | 3,30,000/- | 3,000/- |
| 2 | PMW1/NCB/WORKS/02/2081/82 | CHHINEKO PAHIRO KOTYANG ROAD | 1,89,93,477.62/- | 4,65,000/- | 3,000/- |
| 3 | PMW3/NCB/WORKS/02/2081/82 | BAGHKHOR DEBITHAN SADAK | 38,01,479.45/- | 90,000/- | 3,000/- |
| 4 | PMW4/NCB/WORKS/01/2081/82 | KHATABESHI SADAK | 12,34,743.65/- | 33,000/- | 3,000/- |
| 5 | PMW10/NCB/WORKS/01/2081/82 | BELA ROAD | 1,90,05,148.07/- | 4,65,000/- | 3,000/- |
| 6 | PMW13/NCB/WORKS/01/2081/82 | KALINJOR TIMALBESHI ROAD | 85,51,008.18/- | 2,10,000/- | 3,000/- |

| Code | Name of the bank, office account no | Time and place for Pre-bid meeting | Last date for bid submission | Bid opening date | Bid/Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| Office code 30-365-15 Rajashwa Shirshak no. 11691 | **Nepal Bank Ltd., Panchkhal Branch** ***For Bid Fee*** Account No.- 12403000001001000001 Account Name :- Panchkhal GA 1.1 AANTARIK RAJASWA ***For Bid Security*** Account No.- 12403000003000000001 Account Name :- GA 3.1 Panchkhal Na PaSTHANIYA TAHA | Panchkhal Municipality Office at 1:00 PM, 2081/05/31 | on or before 12:00 Noon on 2081/06/07 | 2081/06/07 at 1:00 PM, at the office of Panchkhal Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453 or may visit PPMO website www.bolpatra.gov.np/egp.

***Chief Administrative Officer***



## MADHUWAN MUNICIPALITY
### OFFICE OF MUNICIPAL EXECUTIVE
**Bardiya**
**Lumbini Province Nepal**

### Invitation for Bids

**First Date of publication: 2081/05/07**

1. Madhuwan Municipality Bardiya invites Competitive Bidding from the eligible bidders for the following works.
2. Bidding documents may be purchased upon payment of a non-refundable fee *as specified as each item in the* following table.
3. Bidder must submit their bid electronically through ppmo's website *www.bolpatra.gov.np/egp* before or last day 12:00 Noon as mentioned in the table below. *Bid* Documents after this deadline shall not be accepted.
4. Bids shall be opened in the presence of Bidders' representatives chosen by Bidders on last day for bid submission at 2:00 pm in the office of Madhuwan Municipality, Bardiya.
5. Bids must be valid for a period as specified and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for *30 days* beyond the bid validity period.
6. If bidder wishes to submit the Bid Security and bid document cost in the form of cash, the cash should be deposited in the following Account No.

   Bank Name: **Nepal Bank Limited Sanoshree Branch Bardiya**
   Account Holders name : **Madhuwan Municipality Bardiya**
   Account No: **15103000001001000001 (Rajaswa) for Bid document Cost**
   Account No: **15103000003000000001 (Dharauti) for Bid Security.**
7. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

**1. Table**

| S.N. | Contract no. | Contract name | Bid Document Cost (Nrs) | Bid Security Amount | Bid Validity period | Last date for bid submission |
|---|---|---|---|---|---|---|
| 1 | MG/G/SQ/MNPO-01/2081-82 | Procurement of Advertisement Agency for notice publication in National Daily for fiscal year 2081/82. | 1000.00 | 50000 | 45days after bid opening | 23th of Bhadra 2081 12:00 Noon. |

**Chief Administrative Officer**



### लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०५/०७

यस सा व उ स वाट संकलित साल गोलिया काठ १९०८.२६ क्यू फिट, साल चिरान काठ ४४७.३३ क्यू फिट, साल दाउरा ८ चट्टा र साल वाकल ५००० के. जी. लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

चण्डी सा. वन उपभोक्ता समूह, ऋषिङ ५, तनहुँ



## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. Public Relation Officer - 4 (M/F)**

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलबः आपसी समझदारीमा**

**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।**

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

श्रम ईजाजत न .७९७/०६५/०६६

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.com, Website :www.saudinepal.com



कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय

## स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिम

### त्रुटी सच्चाइएको सम्बन्धी सूचना

मिति २०८१/०५/०६ मा प्रकाशित आधिकारिक बिक्रेतालाई सुचिकृत हुन तथा दररेट पेश गर्ने बारेको प्रकाशित सूचनाको सि. नं. १, ६, ८ र ९ मा कम्पनि तथा मोडेल नं. फरक परेकोले सच्चाएको तथा सि. नं. १० मा Coagulation Analyser Mindray C2000–4 थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । उक्त विवरण कार्यालयको वेवसाइट http://hsorukumwest.karnali.gov.np मा हेर्न सकिनेछ ।

डा.महेश चौलागाई
नि.स्वास्थ्य सेवा व्यवस्थापक

# भारत भ्रमण सकेर फर्किइन् परराष्ट्रमन्त्री राणा



■ प्रभाव संवाददाता

**काठमाडौँ–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले आफ्नो भारत भ्रमणले नेपाल र भारतबीचको आपसी सद्भाव अभिवृद्धि गर्न उल्लेखनीय भूमिका निर्वाह गरेको बताएकी छन् । भारतको चार दिने औपचारिक भ्रमण सकेर बिहीबार स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उनले यस भ्रमणबाट दुई मुलुकका बीचमा रही आएको मैत्रीपूर्ण, सहयोगात्मक, बहुआयामिक र घनिष्ट सम्बन्धलाई आपसी समानता र लाभका आधारमा थप मजबुत तुल्याउन योगदान गरेको बताइन् ।

मन्त्री डा. राणाले भनिन्, 'भ्रमणले आगामी दिनमा उच्चस्तर एवं विभिन्न तहमा सम्पर्क विस्तार गर्न तथा द्विपक्षीय संयन्त्रहरू समेतका माध्यमबाट आपसी हितका लागि सहयोग र सहकार्य प्रवर्द्धन गर्न मार्गदर्शनसमेत गरेको मैले विश्वास लिएको छु ।'

उनले भारतका विदेशमन्त्री एस जयशंकरको निमन्त्रणामा गत आइतबार नयाँ दिल्ली गएको र दुई देशको उच्चस्तरीय भ्रमण आदानप्रदानको कार्यक्रमअनुसार नै यो भ्रमण भएको बताइन् । उनले भारतका प्रधानमन्त्री र विदेशमन्त्रीसँग सौहार्द्रपूर्ण रूपमा भेटवार्ता भएको तथा ती भेटमा नेपालको हित र चासोका साथै आपसी हितका विविध विषयहरूमा कुराकानी भएको जानकारी दिइन् ।

भ्रमणकाक्रममा सोमबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग नयाँ दिल्लीमा शिष्टाचार भेट भएको र नेपाल र भारतबीच रहिआएको मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ तुल्याउने एवं आपसी हितका विषयमा विद्यमान सहकार्य विस्तार गर्ने वषयमा विचारको आदानप्रदान भएको उनले जानकारी दिइन् ।

साथै, त्यसअवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट भारतका प्रधानमन्त्री मोदीलाई नेपालको राजकीय भ्रमणको निमन्त्रणापत्र पनि हस्तान्तरण गरेको मन्त्री डा. राणाले बताइन् । सोही दिन मन्त्री राणाले भारतीय समकक्षी विदेशमन्त्री एस जयशंकरसँग पनि भेटवार्ता गरेकी थिइन् । सो भेटवार्तामा द्विपक्षीय सम्बन्ध र आपसी हितका साथै ऊर्जा, व्यापार तथा पारवहन, कनेक्टिभिटी, लगानी, हवाईमार्ग, पूर्वाधार निर्माण, बाढी तथा डुबान समस्या, पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, खेलकुद, सीमा पूर्वाधारलगायत सहयोग आदानप्रदान र सहकार्यबारे छलफल भएको उनले जानकरी दिइन् । परराष्ट्रमन्त्री नियुक्त भएपछिको राणाको यो पहिलो विदेश भ्रमण हो ।

## पाल्पामा समलिंगी विवाहले पायो कानुनी मान्यता

**रामपुर (पाल्पा)–** पाल्पाको रामपुर नगरपालिकामा समलिंगी विवाह दर्ता भएको छ । रामपुर वडा नं ९ को कार्यालयमा ३१ वर्षीया चिनाकुमारी नेपाली र ३६ वर्षीया ज्योती सार्कीले समलिंगी विवाह दर्ता गरेसँगै कानुनीरूपमा समलिंगी विवाहले मान्यता पाएको छ ।

रामपुर-९ का स्थानीय पञ्जीकाधिकारी एवं वडा सचिव मो युनुस खानले विवाह दर्ताका लागि चिनाकुमारी र ज्योतीले निवेदन दिएपछि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको परिपत्रका आधारमा विवाह दर्ता प्रमाणपत्र जारी गरिएको बताए । समलिंगी विवाह दर्ता पहिलोपटक भएकाले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग समन्वय गरेर गत आइतबार विवाह दर्ताको प्रमाणपत्र प्रदान गरिएको वडासचिव खानले जानकारी दिए ।

चिनाकुमारी रामपुर-९ जब्यादी निवासी र ज्योती नवलपुर (नवलपरासी सुस्तापूर्व) बौदिकाली गाउँपालिका-१ मिथुकरम निवासी हुन् । चिनाकुमारी र ज्योतीले २०७८ असोज २९ गते परम्पराअनुसार पाल्पाको सिद्धबाबा मन्दिरमा विवाह गरेका हुन् । वडा कार्यालयमा विवाह दर्ता गरेपछि मात्रै कानुनीरूपमै उनीहरू विवाह बन्धनमा बाँधिएका छन् । उनीहरू दुवैजना महिला हुन् । चिनाकुमारी र ज्योती लामो समयदेखि प्रेम सम्बन्धमा रहेको बुझिएको छ । विवाह दर्ताको अस्थायी प्रमाणपत्रमा चिनालाई दुलहा र ज्योतीलाई दुलही उल्लेख गरिएको छ । दुवैजना वैदेशिक रोजगारीका क्रममा कतारमा छन् । उनीहरूले घर आएको समयमा विवाह दर्ता गराएका हुन् । *रासस*

## जोखिम मोलेर विद्यालय जान्छन् चुरेका बालबालिका

**गोदावरी (कैलाली)–** चुरे गाउँपालिका-४ भएर बग्ने कालेखोलामा पुल नहुँदा यहाँका स्कुले बालबालिका जोखिम मोलेर विद्यालय जान बाध्य छन् । वर्षायाममा उनीहरू जोखिमपूर्ण यात्रा गरेर जगातिस्थित समैजी आधारभूत विद्यालय जान बाध्य छन् । कालेखोलामा पुल नहुँदा पानी परेका बेला तुडेपानी र बार्जुगडाका विद्यार्थीलाई अभिभावकले प्रत्येक बिहान र दिउँसो स्कुल पुऱ्याउने र ल्याउने गर्दै आएका छन् ।

विद्यार्थीले निथ्रुक्क भिजेर कक्षामा बस्नुपर्ने दयनीय अवस्था रहेको शिक्षक मदन विकले बताए । उनले भने, 'कालेखोलामा पुल नहुँदा यस्तो बाध्यता परेको हो । ठूलो पानी पर्नेबित्तिकै केटाकेटी स्कुल नै आउँदैनन् ।' गाउँलेहरूले वर्षौंदेखि कालेखोलामा झोलुंगे पुलको माग गर्दै स्थानीय तह, जिल्ला र प्रदेशका कार्यालय अनुरोध गरेका भए पनि त्यसको सुनुवाइ नभएको स्थानीय हेमबहादुर विष्टले बताए । *रासस*


### मोटरसाइकल हराएको सूचना

प्रकास बहादुर पौडेलको नाममा दर्ता भएको बा. प्र. ०२ ०४६ प १२०१ ईन्जिन नं. DKNNM37936 र च्यासिस नं. MD2A13EX3NCM83606 रहेको निलो कालो रङ्गको २२० सि.सि.को पल्सर मोटरसाइकल टिकाथली ५ तिनकुने चोकको पार्किङ स्थलबाट मिति २०८१/०५/०४ गते अंदाजी ०८:४५ को समयमा चोरी भएको हुँदा देख्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा मोबाईल नं. ९७४६४३३४४२ मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

### MRP DECLARATION FOR XINGSU ELECTRIC SCOOTER

| S.N | Item type | Peak motor capacity | Brand | Seat capacity | Battery | Unit | MRP |
|---|---|---|---|---|---|---|---|
| 1) | MA-GCC480 | 4KW | XINGSU | 2 | 72V/35AH | 1 | 1,97,547.66 |
| 2) | MA-GLS600 | 5KW | XINGSU | 2 | 72V/40AH | 1 | 2,52,248.11 |

Importer/Distributor : JAGADISH TRADERS COMPANY Pvt.Ltd | Exim Code No:6211287560160NP

Location : Tarkeshwor Ward no: 11 nepal | Contact Number 9761875442

### गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं

**स्टेशनरी सामान सप्लाई तथा छपाई कार्य सम्वन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

(पत्रिकामा प्रकाशित मितिः २०८१/०५/०७)

आ.व.२०८१/०८२ को लागि यस नगरपालिकालाई आवश्यक पर्ने स्टेशनरी सामान सप्लाई तथा छपाई कार्य एकै प्याकेजमा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ सम्मको फर्म नविकरण प्रमाणपत्र र आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रसहित इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट निम्नानुसारका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र खरिद गरी दाखिला गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का न. | कामको विवरण | अधिकतम लागत रकम रु (भ्याट सहित ) | सिलवन्दी दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|
| ०२/२०८१/०८२ (जिन्सी) | स्टेशनरी सामान सप्लाई तथा छपाई सम्वन्धी कार्य | रु.१९,९८,४८२।९७- (उन्नाईस लाख अन्ठानब्बे हजार चार सय बयासी रुपैयाँ सन्तानब्बे पैसा) | रु १,०००।- |

१. दरभाउपत्र फाराम रु १,०००।- (फिर्ता नहुने) तिरी खरिद गर्नु पर्ने छ ।
२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र खरिद गरी १६ औं दिनको १२.०० बजे भित्र दाखिला गरी सक्नु पर्नेछ ।
३. दरभाउपत्र साथ सम्वन्धित दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको र पेशा सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको घोषणा कागजातमा अनिवार्य रुपमा हस्ताक्षर गरेको र सहिछाप लगाएको हुनु पर्नेछ ।
४. पर्न आएका दरभाउपत्रहरु सूचना प्रकाशित भएको १६ औं दिन को २.०० बजे नगरपालिकाको भवन जोरपाटीमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । निजहरु उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
५. दरभाउपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।
६. दरभाउपत्र फाराम खरिद कार्य यस नगरपालिकाको खरिद तथा जिन्सी उप-शाखाबाट हुनेछ । साथै दरभाउपत्र दाखिला सम्वन्धी कार्य नगरपालिकाको खरिद तथा जिन्सी उप-शाखामा मात्र हुनेछ ।
७. यो सूचना नगरपालिको सूचनापाटी तथा वेवसाईट www.gokarneshwormun.gov.np मा पनि हेर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development & Building Construction
**New Town Project**
Baireni Galchhi, Dhading

### Invitation for bids

First date of publication of notice: 2024/08/23

New Town Project Office, Baireni, Galchhi, Dhading invites electronic bids from eligible bidders for the following work under NCB procedure. Eligible Bidders may obtain further information from the office of New Town Project Office, Baireni, Galchhi, Dhading during office hours or may visit PPMO web portal www.bolpatra.gov.np/egp

| Contract No. | Name Of Project | Bid Security Amount (Rs) | Bid Document Fee (Rs) |
|---|---|---|---|
| NTPO/BAIRENI GALCHHI/NCB WORKS/E-BID/ 01-081-82 | Prithvi Rajmarga Amleshwor Mandir Dekhi Jintetar, Baireni Swasthya Chauki, Army Gate Hudai Prithvi Rajamarga Sammako Purwadhar Nirman Tatha Staronnati | 7,50,000.00 | 50,00.00 |
| NTPO/BAIRENI GALCHHI/NCB WORKS/E-BID/ 02-081-82 | Thulo Chaur Park ra Pahunch Marga (Galchhi Pul Pokharichaur Jogikath Hudai Jundikhola ) Ko Purwadhaar Sudhar | 7,50,000.00 | 5,000.00 |

**Act.Project Chief**

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RUKIN AL BASMAH METALIC CONT IND LLC.**

पुर्व स्वीकृति मिति २०८१/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०६ | LT No.304249 | चलानी नं. ६०२१८९५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 2 | 0 | 900 | ४३,५३० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gypsum Carpenters | 12 | 0 | 1200 | ९०,६९५ | | | | | | | |
| 3 | Mason | 8 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 4 | Painter | 10 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 5 | Plumber | 5 | 0 | 1200 | ९०,६९५ | | | | | | | |
| 6 | Steel Fixer | 5 | 0 | 1200 | ९०,६९५ | | | | | | | |

कम्पनी : **WATER SEAL INSULATION MAT CONT. CO. L L C**

पुर्व स्वीकृति मिति २०८१/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०६ | LT No.304248 | चलानी नं. ६०२१८९५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 9 | 0 | 900 | ४३,५३० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gypsum Carpenters | 10 | 0 | 1200 | ९०,६९५ | | | | | | | |
| 3 | Mason | 8 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 4 | Painter | 7 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 5 | Plumber | 5 | 0 | 1200 | ९०,६९५ | | | | | | | |
| 6 | Steel Fixer | 5 | 0 | 1200 | ९०,६९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।**
**धनुषा, जनकपुर मेट्रोपोलिटन सिटि, जनकपुरमा मितिः २०८१ भदौ १६ गते (1st Sep. 2024) मा हुनेछ ।**
**सुनसरी, इटहरीमा मितिः २०८१ भदौ १५ गते (31 July. 2024) मा हुनेछ ।**
**झापा, बिर्तामोड शाखा कार्यालयमा मितिः २०८१ भदौ १४ गते (30 July. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

## धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०५/०७ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले लगनखेल शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८१/०१/२८ गते अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना र मिति २०८१/०३/०९ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलामी गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि १५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री गोर्खा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि.। दर्ता नंः- ७७/०५४/०५५**
**रजिष्टर्ड ठेगाना : ललितपुर उ.म.न.पा. १४ । हालको ठेगाना :- ललितपुर १४, सातदोबाटो ।**

**संचालक तथा जमानीकर्ताको विवरण**

१) **नाम : इमान सिं राई** (अध्यक्ष तथा जमानीकर्ता)
बुवा : पानजीत राई
बाजे : लक्ष्मण राई
ना प्र नं. : ११७९/२६४६
ठेगाना : उँबु ६, ओखलढुङ्गा

२) **नाम : मोति लाल राई** (सचिव तथा जमानीकर्ता)
बुवा : दले राई
बाजे : विन्द्रमान राई
ना.प्र.नं : ६४/११३
ठेगाना : मानेभञ्ज्याङ ९, ओखलढुङ्गा

३) **नाम : कृष्ण जित राई** (कोषाध्यक्ष तथा जमानिकर्ता)
बाबु : दुस बहादुर राई
बाजे : तिरमथ राई
ना.प्र.नं : १३१०५०/३२
ठेगाना : मानेभञ्ज्याङ ५, ओखलढुङ्गा

४) **नाम : भवानी प्रसाद राई** पुर्व-कोषाध्यक्ष तथा जमानिकर्ता)
बाबु : गंगा प्रसाद राई
बाजे : केशर सिं राई
ना.प्र.नं : २७२०१२/२८२०६- १२०३
ठेगाना : गोलढुङ्गा १, काठमाण्डौं

(५) **नाम : भुषण राई** (संचालक तथा जमानिकर्ता)
बाबु : भगत बहादुर राई
बाजे : नरध्वज राई
ना.प्र.नं : २३१११४०२
ठेगाना : ललितपुर १४, ललितपुर

६) **नाम : सीता कुमारी राई** (संचालक तथा जमानिकर्ता)
बाबु : दिल बहादुर राई
बाजे : आस लाल राई
ना.प्र.नं : ९५/४००
ठेगाना : उँबु २, ओखलढुङ्गा

७) **नाम : मदन बहादुर थापा** (संचालक तथा जमानिकर्ता)
बाबु : अम्बर बहादुर थापा
बाजे : गडुल ध्वज थापा
ना.प्र.नं : ६२५६।२३८/९०४९ख
ठेगाना : धरान ६, सुनसरी

८) **नाम : मन प्रसाद सुनुवार** (संचालक तथा जमानिकर्ता)
बाबु : लाल बहादुर सुनुवार
बाजे : मन बहादुर सुनुवार
ना.प्र.नं : २११००८
ठेगाना : गुप्तेश्वर १, रामेछाप

९) **नाम : समिरन राई** (व्यवस्थापक तथा जमानिकर्ता)
बाबु : जीत बहादुर राई
बाजे : विष्णु बहादुर राई
ना.प्र.नं : २१२८-१७३४५-७६९२
ठेगाना : बासिखोरा १, भोजपुर

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. सहकारी विभागमा मिति २०५४/११/०८ दर्ता नं. ७७/०५४/०५५ भई बागमति अञ्चल ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. १४ रजिष्टर्ड ठेगाना रहेको श्री गोर्खा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि.को नाममा मालपोत कार्यालय, लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला ललितपुर उ.म.न.पा वडा नं. ५ट को कित्ता नं ३८६, ३८८, ३९० को क्षेत्रफल क्रमश : ०-२-०-०, ०-८-०-० र ०-६-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. सहकारी विभागमा मिति २०५४/११/०८ दर्ता नं. ७७/०५४/०५५ भई बागमति अञ्चल ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. १४ रजिष्टर्ड ठेगाना रहेको श्री गोर्खा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि.को नाममा मालपोत कार्यालय, भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला बागेश्वरी गा.वि.स. वडा नं. ८ख को कित्ता नं ६५ को क्षेत्रफल १-४-०-० रोपनी जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६००००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै लगनखेल शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा व्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमो बैंकको शाखा कार्यालय लगनखेलमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश यर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेका धितोहरुको आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### प्रतिबद्धता होइन नतिजा देखाऊ

बुधबार बिहान १०:३० बजे पहिरो खसेपछि काठमाडौंको चन्द्रागिरि नगरपालिका–२ नागढुंगास्थित सडक अवरुद्ध बन्यो । राजधानीमै भएको उक्त अवरोध हटाएर सडक सञ्चालनमा ल्याउन करिब सात घण्टा लाग्यो । सडकमा खसेको पहिरो हटाएपछि साँझ ५ बजदेखि एकतर्फी सवारी आवागमन खुलाइएको थियो । नागढुंगा चोकबाट केही १०० मिटर पर नागमन्दिर नजिकै पहिरो खसेको हो । जसका कारण काठमाडौं भित्रिने र बाहिरिने सबै सवारीसाधान दिनभर ठप्प बनेको थियो ।

बुधबार नै पृथ्वीराजमार्गअन्तर्गत तनहुँको घाँसीकुवा–डुम्रे सडकखण्डमा पहिरो खस्यो । व्यास नगरपालिका–१२ घाँसीकुवामा बुधबार साँझ ५ बजे गएको पहिरोबाट अवरुद्ध सडक खुलाउन २४ घण्टा लाग्यो । बिहीबार साँझबाट सडक खुले पनि एकतर्फी सवारीमात्र सञ्चालनमा आएको छ ।

यसैगरी पहिरोले अवरुद्ध बनेको अन्तर्राष्ट्रिय राजमार्गअन्तर्गत 'गल्छी–रसुवागढी सडक' बिहीबार साँझबाट आंशिक रूपमा सञ्चालनमा आएको छ । नुवाकोटको बेलकोटगढी नगरपालिका–८ स्थित ठूलोखोला नजिकैमाथिबाट खसेको ठूलोढुंगासहितको पहिरोले सडक पूर्णरूपमा बन्द भएको थियो । बिहीबार साँझदेखि एक लेन सञ्चालन भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

यी त प्रतिनिधि घटनामात्रै हुन् । वर्षात्को मौसममा मुलुकका राजमार्गहरू पहिरोको जोखिममा रहनेबारे सरकार जानकार नभएको होइन । तर, यी घटनाबाटै प्रस्ट हुन्छ सरकारको तयारी कस्तो छ भन्ने । राजधानीकै सडक खुलाउन सरकारलाई सात घण्टा लाग्छ । सरकारको यो कमजोरी वा लापारवाहीले गर्दा हजारौं यात्रु सडकमै अलपत्र पर्न बाध्य हुनुपरेको छ । यो विषयमा सरकार गम्भीर बनेकै देखिएन । गम्भीरतापूर्वक लागेको भए राजमार्गको पहिरो तत्काल हटाउने गरी तयारी गर्नुपर्थ्यो ।

यहीबीच बिहीबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले वर्षाका कारण अवरुद्ध भएका राजमार्ग दुई घण्टाभित्र सञ्चालन गराउने गरी आवश्यक जनशक्ति परिचालन गरिने बताए । प्रतिनिधिसभाको बिहीबारको बैठकमा आकस्मिक र शून्य समयमा सांसदहरूले सडक र भौतिक पूर्वाधारका विषयमा उठाएका प्रश्नको जवाफ दिने क्रममा उनले यस्तो प्रतिबद्धता जनाएका हुन् । उनको यो प्रतिबद्धता विश्वासयोग्य छैन । किनकि, यस्ता प्रतिबद्धता विगतमा कतिपटक आइसकेका छन् । मन्त्रीले मात्रै होइन, प्रधानमन्त्रीबाटै आएका प्रतिबद्धता कार्यान्वयनमा आउँदैन/आएको छैन ।

मन्त्री दाहालले संसद्समक्ष जनाएको प्रतिबद्धता कतिको पूरा गर्छन् त्यो अवश्य देखिने छ । यतिबेला प्रतिबद्धता होइन, नतिजा देखिने काम चाहिएको छ । राजमार्ग तथा भित्रि सडकहरूमा पहिरोका कारण आइरहेको अवरोध हटाउन तत्काल कदम चाल्नुपर्छ । वर्षात्को समयमा आवातजावत गर्ने सर्वसाधारणले भोग्नुपरिरहेको सास्तीमा सरकारको ध्यान जाओस् ।

## मनन्योग्य

### चाणक्य नीति

धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् ।

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरर यस्तो कसूर गर्नेलाई दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन् । जसलाई 'यमराज' पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटी हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नु पर्द भन्ने कुरा हामी ज्यादै थोरै व्यीक्त मात्रले थाहा पाएका छौं ।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्हयाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुनछ । क्रमशः

# 'जलवायु परिवर्तनको असरले सोलुखुम्बुको हिमताल फुट्यो'



■ अनिल पोखरेल

जलवायु परिवर्तनका कारण तापक्रममा वृद्धि भई ग्लेसियर र पर्माफ्रोस्ट पग्लिँदा हिमताल विष्फोट भएर थामे खोलामा बाढी आएको स्पष्टसँग देख्यौं । जलवायु परितर्वनका कारण हिमाली क्षेत्रमा एक प्रकारको संकट उत्पन्न भइसकेको छ । यस्ता खालका संकटले ठूलो मात्रामा क्षति तथा नोक्सानी ह्वात्तै बढेको पाउन थालेका छौं । जोखिमपूर्ण हिमतालको जोखिम अनुगमन तथा पूर्वचेतावनीका प्रणाली जडान गर्ने साथै जोखिम न्यूनीकरणका उपाय कार्यान्वयनको आवश्यकता टड्कारो रूपमा देखिएको छ ।

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ मा पर्छ थामे बजार । सर्वोच्च शिखर सगरमाथा क्षेत्रमा पदयात्रा जानेहरू थामेमा बास बस्ने गर्थे । तर, २०८१ साउन ३२ गते शुक्रबार दिउँसो करिब १ बजे ठूलठूला ढुंगा र गेग्रानसहितको भीषण बाढीले हेर्दाहेर्दै रमणीय थामे बजारलाई ढुंगे बगरमा परिणात गर्‍यो । अकस्मात आएको बाढीले पर्यटकीय गाउँ थामे बजारका १३ वटा घर पूर्णरूपमा र १० वटामा आंशिक क्षति भएको छ । एउटा विद्यालय, एउटा स्वास्थ्यचौकी पनि बगायो । उक्त दिन पानी खासै परेको थिएन र पनि लेदोसहितको यति ठूलो बाढी र गेग्रान कसरी आयो भन्ने सबैमा ठूलो प्रश्न थियो ।

शनिबार बिहान रक्षामन्त्री मानवीर राईको नेतृत्वमा हामी थामे बजार पुग्यौं । त्यहाँ पुगेर प्रभावित परिवारलाई नगद तथा जिन्सी राहत वितरण गर्नाका साथै स्थलगत अवलोकन र स्थानीयसँग अन्तरक्रिया गर्‍यौं । थामे बजारबाट थामे खोलाको मुहानतर्फ लाग्यौं । त्यहाँ पाँचवटा तालहरू देख्यौं । त्यो मध्येको सबैभन्दा माथि रहेको ठूलो तालबाट पानी भरिएर बरफसँगै तल्लो तालमा गएर बजारिएछ । त्यसले ठूलो छाल बनाएर निकासतर्फको भाग भत्काएर बाहिर निस्केछ । यस्तो प्रक्रियालाई हिमताल फुटेको भनिन्छ । उक्त पानीले दायाँबायाँका ढुंगा, गेग्रानलाई खोतलेर तल लगेर थामे बजारमा थुपार्‍यो ।

जल तथा मौसम विज्ञान विभाग, प्राविधिक र विषयविज्ञको सहभागितामा सो घटनाको विस्तृत अनुसन्धान गर्न टोली गठन गरेका छौं । उक्त टोलीले अध्ययन गरिसकेपछि मात्रै निष्कर्षमा पुग्न सकिन्छ । सामान्यतः घटनास्थलको सरसर्ती अवलोकन गर्दा तापक्रम वृद्धिकै कारणले हिमताल विष्फोट भएको अनुमान गर्न सकिन्छ । अहिले कति तापक्रम वृद्धि भयो, विगतको तापक्रमको घटबढको अवस्था के थियो भन्ने पनि अध्ययन गर्छौं । म आफैंले सो क्षेत्रको स्थलगत अवलोकन गरें । त्यहाँ पातला कपडा लगाउँदा पनि सो उचाइमा आश्चर्यजनक गर्मी महसुस भइरहेको थियो । थामे बजारका स्थानीयसँग अन्तरक्रिया गर्दा पनि उहाँहरूले तीन/चार दिनदेखि नै कालानिला बादल मडारिरहेको बताउनुभयो । बौद्ध धर्म परम्पराअनुसार उहाँहरूले तालसम्म पुगेर पूजाआजा गर्ने उद्देश्यका साथ तयारी गर्नुभएको रहेछ । उहाँहरूका अनुसार बाढी आउने दिन बिहान सो क्षेत्रमा पानी परेको थिएन । तर त्यस दिन कालो बादल थियो । उहाँहरूले अहिलेसम्म त्यसखालको कालो बादल नदेखेको बताउनुभयो ।

मसिनो तर लगातार पानी परिरहेको, हपहपी गर्मी । पानी र तापक्रम दुवैका कारण पहिलो ताल फुट्यो । ताल फुटेको सुनिश्चित गर्न हामीले हेलिकप्टरबाट दुई राउण्ड नजिकबाट अवलोकन गर्‍यौं । ताल फुट्नु पछाडिको कारण भनेकै तापक्रम ह्वात्त बढ्नु हो । त्यो पहिलोपटक फुटेको देखिन्छ । हिमताल पग्लिएपछि माथिल्लो तालबाट हिउँको डल्लासहित तल्लो तालमा बजारिएको अनुमान गर्न सकिन्छ । तल्लो तालको निकासतर्फको भूभाग कमजोर रहेछ । त्यसको भित्र सयौं वर्षदेखिको हिउँको ढिक्का चट्टान रहेको हुनसक्छ । तापक्रम वृद्धि भएपछि त्यो आफैं पग्लिन थालेको अवस्थामा माथिल्लो तालबाट पानी र बरफ बगेर आइसकेपछि त्यसको छालले तल्लो तालको मुख फोड्यो । माथिबाट पानी र बरफ बज्रिएपछि दोस्रो ठूलो तालको पहिल्यै कमजोर भइसकेको मुख फुट्यो । माथिल्लो तालको केहीसहित त्यो पानी ह्वात्तै बग्यो ।

माथिल्लो ताल अहिले पनि टिलपिल टिलपिल नै छ । पहिलो तालबाट कति पानी गयो त्यो अहिल्यै भन्न सकिँदैन । रित्तिएको भनेको दोस्रो ताल हो । यसको मूल जड तापक्रम वृद्धि भएर हिमताल पग्लिएर फुटेको हो । सो घटनाको विस्तृत अध्ययन गर्न गठित टोलीले अध्ययन गरेर सो क्षेत्रमा पछिल्ला समय घटबढ भएका तापक्रमको विश्लेषण गरेर निष्कर्ष निकाल्छ । जलवायु परिवर्तनका कारणले हिमाली क्षेत्रमा जोखिम बढ्दो छ भन्ने स्पष्ट भएको छ । थामे बाढीले यसको थप पुस्टचाइँ गर्छ । जलवायु परिवर्तनकै कारण उक्त घटना भएको हो । किनभने सो क्षेत्रमा कुनै पनि मानवीय गतिविधि छैन । हिमताललाई खल्बल्याउने गरी डोजर चलाउने, रुख काट्ने तथा मानवीय संरचना बनाउने कार्यले सो घटना भएको होइन । मुलतः जलवायु परिवर्तनको असरस्वरूप हिमताल फुटेको निष्कर्षमा पुगेका छौं । यसलाई पुस्टचाइँ गर्ने आधार, विगतका वातावरणीय प्रवृत्ति, अहिलेसम्म के भए भन्ने वैज्ञानिक प्रमाण जुटाएर घटनाको कारण पत्ता लगाउँछौं ।

ताल फुट्नु अघिको तालको आकार भू-उपग्रह (स्याटेलाइट)को नक्साबाट निकाल्ने प्रयास गर्‍यौं । तर, बादलका कारण निकाल्न सकेनौं । ताल रित्तिसकेपछिको आकार हेरेर पानीको मात्रा निकाल्न सक्छौं । त्यसपछि तालबाट कति पानी बाहिर गयो र त्यसको बहाव कति थियो भन्ने निकाल्छौं । कति पानी कति घन्टासम्म बग्यो भन्ने विषय दूरीका आधारमा पत्ता लाग्छ । पानी नाप्ने विधि छ । त्यो काम बाँकी छ । पानीमात्रै होइन, बाढीसँगै गेग्रान पनि आएको छ । त्यो पनि अध्ययन गर्छौं । स्याटेलाइटको नक्साअनुसार पहिलेको र अहिलेको अवस्था कस्तो छ, पानी, पानीको बहाव र गेग्रानको मात्रा पत्ता लगाउँछौं । गेग्रानमा कस्ता चट्टान थिए भनेर पनि अध्ययन गर्छौं ।

यस घटनाले हामीलाई विशिष्ट पाठ सिकाएको छ । हिमाली क्षेत्रमा रहेका साना ताल पनि उत्तिकै जोखिममा रहेछन् । हिमतालको जोखिम प्राथिमिकीकरण गर्ने तरिका नै पुनरावलोकन गर्नुपर्ने रहेछ । यस कामलाई प्राथमिकता दिन्छौं । ठूलठूला मात्रै होइन, साना तालले पनि मुख्यगरी बस्तीलाई नोक्सानी पुर्‍याउन सक्दा रहेछन् । बस्ती एक/डेढ सय किलोमिटर तल हुँदा हुन् त त्यति क्षति गर्दैनथ्यो होला । साना ताल विष्फोट हुँदा बस्ती, पुल, जलविद्युत् आयोजना, विद्यालयलगायत संरचना नजिकै छ भने क्षति बढी हुनसक्छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिवको नेतृत्वमा जल तथा मौसम विज्ञान विभाग, खानी विभाग, सिँचाइ विभाग र सरोकार भएका निकायका प्रतिनिधि तथा विषयविज्ञ सहभागी हुनुहुन्छ । सो टोलीले यसको वैज्ञानिक आधार र कारण, किन ताल फुट्यो ? र यससँग जलवायु परिवर्तनको सम्बन्धलगायत बारेमा अध्ययन गर्छ । अर्को टोलीले सोलुखुम्बुको थामे बजारदेखि ओखलढुंगासम्म कुनकुन क्षेत्रमा कति नोक्सानी भए भन्ने अध्ययन गर्छ । टोलीले बाढीबाट बस्ती, स्वास्थ्य चौकी, विद्यालय, सडक, पुल, खानेपानी, जलविद्युत् आयोजना र कृषि क्षेत्रमा भएका नोक्सानीको विवरण तयार गर्छ । दुईवटा टोलीको निष्कर्षका आधारमा आगामी दिनमा थामे बजारको पुनःस्थापनाका लागि गर्नुपर्ने तयारी, नफुटेका तीनवटा तालको जोखिमको अवस्था, ती तालको पानी घटाउने सम्भावनालगायत बारेमा निचोडमा पुग्छौं । त्यसपछि मात्रै थामे बजारको त्यहीँ पुनःनिर्माण गर्ने कि स्थानान्तरण गर्ने निर्णय गर्छौं ।

सो घटना रातिमा भएको भए ठूलो मानवीय क्षति हुन सक्थ्यो । सबैभन्दा पहिला विद्यालयमा खेलिरहेका बालबालिकाले त्यो पहिरो देख्नुभएछ । सो विद्यालय थामे बजारभन्दा थोरै उत्तरमा छ । उहाँहरूले आफ्ना शिक्षकलाई सुनाउनुभएछ । शिक्षकले विद्यार्थीलाई सुरक्षित स्थानमा लैजानुभएछ । थामे उपत्यका धेरै फराकिलो छैन । नदीको खोँच जस्तो छ । केही परिवार दायाँ पट्टी र केही बायाँ पट्टी रहेछ । इन्टरनेटको राम्रो सुविधा भएको ठाउँ र एकताबद्ध समुदाय रहेछ । बाढी देख्नेबित्तिकै उहाँहरूले सामाजिक सञ्जालका समूह (ग्रुप)मा खबर गर्नुभएछ । अहिले पर्यटकीय सिजन नभएको हुँदा त्यहाँ विदेशी पर्यटक रहेनछ । बेलैमा खबर पाएका कारण उहाँहरू सुरक्षित स्थानमा जान भ्याउनुभएछ ।

यो स्तरको घटना अहिलेसम्म व्यहोरिएकै थिएन । २०४२ सालमा डिक्छो हिमताल फुट्यो । त्यतिबेला राज्यको केही तयारी थिएन । सो हिमताल फुटेपछि मात्र नेपालमा मुख्यगरी हिमालय क्षेत्रमा हिमतालको जोखिम बढ्दो छ, यसका प्रभाव बढी हुन सक्छ भनेर नेपाल सरकार, विषयविज्ञ र अन्तर ाष्ट्रिय जगत्को चासो बढ्न थालेको हो । त्यो भन्दा अगाडि पनि थुप्रैपटक हिमताल फुटेका तथ्यांक भेटिन्छन् । तर यत्तिको राष्ट्रिय/अन्तर्राष्ट्रिय चासो बढ्न थालेको डिक्छो हिमताल फुटेपछि नै हो । यसपछि अनवरतरूपमा हिमतालका बारेमा अध्ययन हुन थाले । नेपालमा तीन हजार ६२४ वटा हिमताल रहेको विभिन्न अध्ययनले देखाएका छन् । ४७ वटा जोखिमयुक्त र तीमध्ये २० वटा जुनसुकै बेला फुट् नसक्ने अवस्थाका छन् । अहिले फुटेको ताललाई जोखिमयुक्त मानिएको थिएन । जोखिमयुक्त तालका पानी घटाउनुपर्छ भनेर केही काम भएका छन् ।

नेपालसँग हिमालय पर्वत क्षेत्रमै हिमतालको जोखिम न्यूनीकरणका काम गरेको विशिष्ट अनुभव छ । हिमतालको जोखिम न्यूनीकरण गर्ने कार्य आफैंमा जोखिमयुक्त र खर्चिलो पनि छ । यद्यपि, प्राधिकरणले जोखिमयुक्त तालको पानी घटाउने तथा पूर्वसूचना प्रणाली जडान गर्ने काम गरिरहेको छ । जलवायु परिवर्तनको दृष्टिकोणबाट हेर्ने हो भने बर्खाका बेलामा हिमतालको जोखिम बढी हुन्छ । मनसुनको समयमा तापक्रम पनि सरदरभन्दा बढी हुन्छ । पानी पनि परिरहेको हुन्छ । बादलले ढाकेको अवस्थामा साधारण स्याटेलाइटबाट सो क्षेत्रको तस्वीर लिन सकिँदैन । अहिले पनि सो क्षेत्रको स्पष्ट स्याटेलाइटको तस्बिर पाउन सकिएको छैन । यसका लागि विशेषखालको स्याटेलाइट क्यामराको प्रयोग गर्नुपर्छ । यो अत्यन्त खर्चिलो हुन्छ । हिमालय क्षेत्रभर नै वर्षभर अझ मुख्यगरी मनसुनको समयमा ट्र्याक गरिरहनुपर्ने रहेछ । केही हलचल देखिएको अवस्थामा तत्कालै वैज्ञानिकको टोली पठाएर अध्ययन गर्नुपर्ने रहेछ । एक पटक मात्र जोखिम अध्ययन गरेर हुँदैन रहेछ भन्ने निचोडमा पुगेका छौं ।

हिमतालहरू सामान्यतः हिउँले पुरिएको अवस्थामा सेता हुन्छन् । कि त पानी पग्लेको अवस्थामा कञ्चन निलो देखिन्छ । हिमताल चलायमान र विचलन हुँदा वा हिमपहिरो झरेका ठाउँमा पानी धमिलो देखिन्छ । त्यहाँ तीनवटा तालमा कञ्चन पानी थिए । एउटा फुटेको र माथिको तालको पानी धमिलो देख्यौं । जलवायु परिवर्तनका कारण तापक्रममा वृद्धि भई ग्लेसियर र पर्माफ्रोस्ट पग्लिँदा हिमताल विष्फोट भएर थामे खोलामा बाढी आएको स्पष्टसँग देख्यौं । जलवायु परितर्वनका कारण हिमाली क्षेत्रमा एक प्रकारको संकट उत्पन्न भइसकेको छ । यस्ता खालका संकटले ठूलो मात्रामा क्षति तथा नोक्सानी ह्वात्तै बढेको पाउन थालेका छौं । जोखिमपूर्ण हिमतालको जोखिम अनुगमन तथा पूर्वचेतावनीका प्रणाली जडान गर्ने साथै जोखिम न्यूनीकरणका उपाय कार्यान्वयनको आवश्यकता टड्कारो रूपमा देखिएको छ ।

*(राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले गत साउन ३२ गते सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ मा हिमताल फुटेर आएको बाढीको कारण र असरबारे बुधबार साँझ सञ्चारकर्मीलाई दिएको जानकारीको सम्पादित अंश/रासस)*

## पत्र-मञ्जुषा

### दलीय आडमा सरकारी सम्पत्तिको दोहन

२०५४ सालमा काठमाडौं महानगरपालिकाको नेतृत्व केशव स्थापितले गरेका थिए । वडा नम्बर २६, गोगंबुस्थित १६१ रोपनी जग्गा बनेको नयाँ बसपार्क ४५ वर्षका लागि ल्होत्से सहकारीका दीपक कुँवरलाई दिने उनी नै हुन् । सरकारले २०३९ सालमा गोंगबुको जग्गा अधिग्रहण गर्‍यो ।

त्यसअघि ती जग्गा व्यक्तिको थियो । रोपनीको ५० हजार रूपैयाँ दिँदै व्यक्तिको जग्गा सरकारको नाममा ल्याइयो । जापान सरकारले उनीहरूकै लगानीमा नयाँ बसपार्क बनाइदियो । सो बसपार्कमा दीपकको रजाइँ चलेको छ । बसपार्क सञ्चालन गरेबापत ल्होत्सेले महानगरलाई वार्षिक एक करोड १० लाख रूपैयाँ भाडा तिर्छ ।

तर, त्यहाँ एउटै सटरको मासिक तीन लाख रूपैयाँसम्म भाडा उठाइन्छ । एउटा गाडी बसपार्कभित्र छिर्नेबित्तिकै एक हजार रूपैयाँ लिन्छ, ल्होत्से । २४ घण्टा सवारी पार्किङ गरेको शुल्क एक हजार रूपैयाँ तोकिएको छ । यात्रुले टिकट काटेको रकमबाट २५ प्रतिशत कमिसन ल्होत्सेले लिँदै आएको छ ।

१६१ मध्ये ६५ रोपनीमा मात्र बसपार्क बनेको छ । बाँकी जमिनमा ल्होत्सेले भवन ठड्याएको छ । टहरा बनाएको छ । जम्मै भाडामा लगाएर ल्होत्सेले पैसा उठाइरहेको छ । राजनीतिक दल र ल्होत्सेका सञ्चालकहरूले त्यहाँमध्येको धेरै जग्गा आफ्नो नाममा लगिसकेको सुनिन्छ । ल्होत्सेले बसपार्कबाट मासिक पाँच देखि छ करोड रूपैयाँ आम्दानी गर्छ । तर, महानगरलाई तिर्छ वर्षको एक करोड १० लाख । सरकारले २०७६ चैत ११ र २०७८ वैशाख १६ गतेबाट लकडाउन गर्‍यो । त्यसको भरपुर फाइदा ल्होत्सेलाई भयो । महानगरलाई तिर्नुपर्ने रकम मिनाहा गराएरै छाड्यो ।

यो त एउटा उदाहरणमात्र हो । ल्होत्सेले त खुलेआम राज्यलाई ठगिरहेको छ । लुकीछिपी सरकारी सम्पत्ति दोहन गर्ने यहाँ सयौं छन् । सरकारको सम्पत्तिमा व्यक्तिहरूको मोज चलेको छ । सरकारी, गुठी, सार्वजनिक जग्गामा राजनीतिक दलका कार्यालय छन् । विद्यार्थी, कर्मचारी संगठनका भवन पनि सरकारी जग्गामै छ । मुलुकका नाम चलेका, प्रतिष्ठित र ठूलठूला होटल पनि सरकारी जग्गामै बनेको छ । व्यक्तिहरूले सरकारको सम्पत्ति आफ्नो नाममा लगेर घर ठड्याएका छन् । सरकारी सम्पत्तिमा टहरा हालेर भाडामा लगाउने काम त वर्षौंदेखि भइरहेको छ । काठमाडौं जिल्ला अदालत पहिले सिंहदरबार अगाडि थियो ।

जिल्ला अदालतकै जग्गामा पसल, होटलहरू सञ्चालन गरिएको छ । तिनले मासिक लाखौंको व्यापार गर्छन् तर राज्यलाई सुको तिर्दैनन् । बाठाटाठा, राजनीतिक दलले त्यहाँबाट पैसा उठाएर खाएको हुनसक्छ । सरकारी, गुठी, सार्वजनिक जग्गा कति व्यक्तिको कब्जामा गएको छ ? कति बाँकी छ ? कहाँ-कहाँ छ ? सरोकारवाला निकाय खोज्दैन ।

भूमि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नापी विभाग, भूमि विभागलाई सरकारी सम्पत्तिको संरक्षणमा अलिकति पनि चासो छैन । हुन त सरकारी जग्गा हिनामिना गर्ने यी कार्यालयमा बसेकै कर्मचारी नै होलान् । सरकारी सम्पत्ति सरकारकै नाममा ल्याउनुपर्ने हो । यदि सरकारी सम्पत्तिको संरक्षण गर्न नसक्ने हो भने मन्त्रीको औचित्य के ? राजनीतिक दलले सरकारी सम्पत्ति देख्नै हुन्न । झ्वाम्म पारिहाल्छन् । सरकारी सम्पत्ति र जनताले तिरेको करले नपुगेर विदेशबाट ऋण पनि लिएका छन् । सायदै यस्तो विकास कुनै देशमा भएको होला ?

**– अनुसा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मुसहर बस्तीमा खानेपानी सुविधा

**चितवन (प्रस)–** जिल्लाको रत्ननगर नगरपालिका-७ सिसुवारमा रहेको सीमान्तकृत माझी मुसहर बस्तीका घरका निःशुल्क खानेपानीका धारा जडान गरिएको छ। रत्ननगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, रत्ननगर नगरपालिका र बाघमारा मध्यवर्ती सामुदायिक वनको संयुक्त साझेदारीमा सो बस्तीमा खानेपानीको धारा जडान गरिएको हो।

आर्थिक अभावका कारण शुद्ध खानेपानी पिउनबाट वञ्चित २४ माझी मुसहर घरधुरीलाई खानेपानीको मिटरसहित धारा जडान गरिएको वडा नं ७ का वडाध्यक्ष सजना महतोले जानकारी दिइन्। उनले वडा कार्यालयको २५ प्रतिशत, बाघमारा मध्यवर्ती सामुदायिक वनको २५ प्रतिशत र रत्ननगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको ५० प्रतिशत लगानी तथा नगरपालिकाबाट जडान सामग्रीको सहयोगमा धारा जडान गरिएको बताइन्।

उनले वडा नं ७ मा दुई सय ५० धारा जोडिसकिएको र हाल २४ धारा जोडिएको जानकारी दिइन्। सीमान्तकृत माझी मुसहर समुदायको न्यूनतम आवश्यकता पूरा गर्न वडा कार्यालय सधैं प्रतिबद्ध रहेको उनको भनाइ छ। रत्ननगर खानेपानीका अध्यक्ष माधवप्रसाद अर्यालले पैसा नभएर खानेपानी जडान गर्न नसक्ने समुदायलाई संस्थाले ५० प्रतिशतसम्म अनुदान दिँदै आएको उल्लेख गरिन्। उनले स्थानीय सरकार र सामुदायिक वनसँग सहकार्य गरी विभिन्न समुदायलाई शतप्रतिशत अनुदानमा धारा जडान गरिएको र यसरी धारा जडान गरेका घरधुरीको संख्या चार सयको हाराहारीमा पुगेको बताइन्।

बाघमारा मध्यवर्ती सामुदायिक वनका अध्यक्ष जीतबहादुर तामाङले मुसहर समुदायको विकासका लागि सामुदायिक वनले धेरै कुरामा सहयोग गर्दै आएको बताए। उनले यहाँको बालबालिकालाई विद्यालयमा बालकक्षा सञ्चालन, सुधारिएको चुलो, बस्तीमा मोज्याक टायल, विद्युत्का लागि मिटर बक्स जडान गरेको उल्लेख गरे। सामान्य आधारभूत कुरामा पछाडि परेको यस समुदायका व्यक्तिलाई स्वरोजगार बनाउनका लागि वनसँगै विभिन्न संस्थाले पनि सहयोग गर्दै आएको र यसले उनीहरूको जीवनस्तरमा सुधार आउन थालेको एन्ले बताए। यस बस्तीमा मानिसको जीवनस्तर उकास्नका लागि परम्परागत पेसा माछा मार्नेभन्दा अन्य पेसामा संलग्न गराउनका लागि वनले पहल गर्दै आएको उनको भनाइ छ।

नगरप्रमुख प्रह्लाद सापकोटाले पालिकाका नागरिकलाई स्वच्छ खानेपानी दिन तथा नगरवासीको आधारभूत आवश्यकता पूरा गर्ने दायित्व स्थानीय सरकारको रहेको भन्दै यसमा लगानी गर्न पालिका तयार रहेको बताए। उनले नागरिकको न्यूनतम आवश्यकता पूरा गरेपछि मात्र विकासको कामले प्राथमिकता पाउने उल्लेख गरे। बेरोजगारको समस्या समाधान गर्नका निमित्त नगर प्रमुख उद्यमशीलता कार्यक्रमअन्तर्गत उद्यम गर्न मन लागेको व्यक्तिले विनाब्याजको तीन लाख रूपैयाँसम्म प्राप्त गर्नसक्ने प्रमुख सापकोटाले जानकारी दिए। आर्थिक अभावका कारणले कोही पनि नगरवासी खाली हात बस्न नपर्ने उनको भनाइ थियो। खानेपानीमा पालिकाले एकमुष्ट अनुदान हालेको भन्दै उनले हाल मासिक ९० रूपैयाँ खानेपानीको शुल्क रहेको र माझी मुसहर बस्तीमा सो शुल्क घटाउनका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे।

# अमेरिकाका तीन राज्यमा गौरा महोत्सव आयोजना हुने

■ **शंकर थापा**

**टेक्सास (अमेरिका)–** अमेरिकामा रहेका सुदूरपश्चिमेलीले यस वर्षको गौरा पर्वलाई उत्सवका रूपमा मनाउने भएका छन्। अमेरिकाको न्युयोर्क, मेरिल्यान्ड र टेक्सासमा रहेका सुदूरपश्चिमेलीले यही भदौ ९ गते (अगस्ट २५) का दिन गौरा महोत्सव आयोजना गर्न लागेका हुन्।

राज्यस्तरमा स्थापना भएका सुदूरपश्चिम नेपाली समाजको आयोजनामा हुन लागेको गौरा महोत्सवको आवश्यक तयारी गरिएको छ। गौरा पर्व सुदूरपश्चिम प्रदेशको प्रमुख सांस्कृतिक चाड हो। सुदूरपश्चिम प्रदेशमा साताव्यापी रूपमा मनाउने गरिए पनि अमेरिकाको न्युयोर्क, मेरिल्यान्ड र टेक्सासमा एक दिन उत्सवका रूपमा मनाउन लागिएको मेरिल्यान्डका समाजसेवी तथा समाजका पूर्वअध्यक्ष दमनविक्रम शाहले बताए। आयोजकका अनुसार गौरा महोत्सवका दिन सुदूरपश्चिमको प्रमुख बाजा दाइन, दमाहा, झ्यालीसहित सांस्कृतिक झाँकीहरूको प्रदर्शनी, देउडा, छलिया, हुड्केली तथा गौरा नाचका साथै सुदूरपश्चिमका चर्चित कलाकारको प्रस्तुति रहने छ।

नेपाली समुदायको बाक्लो बसोबास रहेको टेक्सास राज्यमा भौगोलिक बनावटअनुसार डचालस र अस्टिन गरी दुई स्थानमा गौरा उत्सव कार्यक्रमको आयोजना गरिने छ। सुदूरपश्चिम नेपाली समाज टेक्सासका अध्यक्ष गगन केसीका अनुसार गौरा महोत्सवमा गौरादेवीको पूजाआजा, विभिन्न सांस्कृतिक झाँकीको प्रदर्शनी, देउडा खेल, छलिया तथा हुड्केली नाच तथा सुदूरपश्चिमका चर्चित कलाकार नन्दकृष्ण जोशी, शंकरसिंह विष्टलगायतका कलाकारहरूको प्रस्तुति रहने छन्।

सुदूरपश्चिममा भएका पौराणिक सभ्यतामध्ये गौरा सभ्यता सबैभन्दा प्राचीन मानिन्छ। गौरा पर्व सुदूरपश्चिम प्रदेशको विशेष पर्व भएकाले सुदूरपश्चिमेलीहरूले जहाँ भए पनि गौरा पर्वलाई महत्त्वका साथ मनाउँदै आएका छन्। अमेरिकामा विभिन्न स्थानमा रहेका सुदूरपश्चिमेलीलाई एकै स्थानमा जम्मा गरेर गौरा पर्व मनाउँदा सांस्कृतिको संरक्षण हुने सुदूरपश्चिमेली अगुवाको धारणा छ। प्रवासमा गौरा पर्व मनाउँदा सुदूरपश्चिमको कला संस्कृतिको संरक्षणमा टेवा पुग्नाका साथै अमेरिकामा जन्मेका र हुर्केका नयाँ पुस्तामा संस्कृति पुस्तान्तरण हुने सुदूरपश्चिम नेपाली समाज न्युयोर्कका पूर्वअध्यक्ष रामबहादुर देउवा बताउँछन्।

महादेव वर पाउन देवी पार्वतीले गरेको कठिन तपस्या र व्रतको सम्झना गर्दै सुदूरपश्चिममा पौराणिककालदेखि मनाइँदै आएको पर्वका रूपमा गौरालाई लिइन्छ। गौरा विसर्जन गरिने मठमन्दिरमा भाद्र संक्रान्तिका दिन पुरुष जम्मा भएर देवीदेवताको ठाडो (देउडा) खेल लगाउँदै गौरा पर्व सुरु भएको सन्देश दिने गरिन्छ। पञ्चमीका दिन महिलाले सामूहिकरूपमा बिरुडा (पाँच प्रकारका अन्न मिसाएर बनाइने) स्थानीय जलाशयमा गएर भिजाउने, अर्को दिन परम्परागत कुवा र नाउलामा गौरा पुज्ने तथा अमुक्ताभरण सप्तमीका दिन गौरा भित्र्याउने चलन छ। एक साता मनाइने गौरा पर्व धार्मिकमात्र नभएर सुदूरपश्चिमको सांस्कृतिक र सामाजिक महत्त्व बोकेको प्रमुख पर्व भएको टेक्सासको अस्टिनका समाजसेवी भोजराज भट्टको धारणा रहेको छ।

'एकातिर देवीदेउताका चैत, फाग, धुमारी, ठाडो खेल र देउडा गाएर धार्मिक लोककाव्य जीवन्त राख्ने परम्परा छ भने अर्कोतिर नेपाल एकीकरणका वीरगाथा देउडाका रूपमा गाएर राष्ट्रिय एकतालाई पनि गौरा पर्वले संरक्षण गरेको हुन्छ, सामाजिक अनुशासन, धार्मिक अनुशासनसँगै पारिवारिक अनुशासनसँग पनि पर्वको महत्त्व जोडिएको छ,' उनले भने, 'रामायणकाल, महाभारतकाल र आधुनिक कालखण्डलाई जोड्ने गौरा पर्वले विगतलाई सम्झिने, वर्तमान र भविष्यलाई सुखद बनाउने लक्ष्यअनुरूप मनाउने गरेको पाइन्छ।' *रासस*


नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## भेरी अस्पताल

नेपालगन्ज, बाँके

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

(प्रकाशित मिति: २०८१/०५/०६)

यस अस्पतालद्वारा प्रकाशित निम्न बमोजिमको **E–bid** बोलपत्र ठेक्का सूचना अनुसार पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन समितिको सिफारिस बमोजिम अस्पतालको मिति २०८१/०५/०६ को निर्णयानुसार तपसिलमा उल्लेखित बोलपत्रदाताहरूको न्यूनतम कबोल अंकको आधारमा मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल:**

PROCUREMENT OF MEDICAL GRADE LIQUID OXYGEN (ठेक्का सुचना नं. BH/NCB/MGLO/05/081/82)

| सि.नं. | बोलपत्रदाताको विवरण | जम्मा स्वीकृत रकम (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|
| १ | Jayesh Trading Concern, Nepalgunj | १३१३६२५०.०० | |

PROCUREMENT OF MEDICAL GRADE GAS (ठेक्का सूचना नं. BH/NCB/MGG/06/081/82 )

| सि.नं. | बोलपत्रदाताको विवरण | जम्मा स्वीकृत रकम (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|
| १ | Jayesh Trading Concern, Nepalgunj | १९२४३९०.०० | |

डा.प्रकाश बहादुर थापा

-प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट



## Belbari Municipality

**Office of Municipal Executive**

**Belbari, Morang**

### Invitation for Bids for the Supply and Delivery of Stationary and Stationary Items

Contract Identification No : **BM/MOR/G/NCB-01-2081-082**

Date of publication: 23-08-2023

1. The Belbari Municipality, Morang invites sealed or electronic bids from eligible bidders for the procurement of **Supply and Delivery of Stationary and Stationary Items** under **National Competitive Bidding** procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Belbari Municipality*** or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Document may be purchased from the following bank by eligible Bidders on the submission of a written application, along with copy of company/firm registration certificate and upon payment of a non-refundable fee of 3000 NRs till 22-09-2024 12:00.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rastriya Banijya Bank Limited — Name of Office: Belbari Municipality
   Office Code no.: 801011304 — Office Account no.: 2430100301010002
   Rajaswa (revenue) Shirshak no. 14229
4. Pre-bid meeting shall be held at *Belbari Municipality* at *15-09-2024 14:00.*
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before *22-09-2024 12:00.*
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at *22-09-2024 14:00* at the office of *Belbari Municipality*. Bids must be valid for a period of *90 days* from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. *121100 NRs.* which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and submission falls on a government holiday, then then the next working day shall be considered as the last date, in such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COMPANY SHTAIER SAFIYYAH FOR RESTAURANTS

पूर्व स्वीकृति मिति: २०८१/०५/०५ | LT. No. 309289 | चलानी नं. ६०२२३९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL SAMSAQ PERFUME & COSMETIC FACTORY

पूर्व स्वीकृति मिति: २०८१/०५/०५ | LT. No. 309232 | चलानी नं. ६०२२३९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing And Packaging Worker | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १४ गते (30th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२०८/०७३/०७४

Overseas Employment (P.) Ltd.

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069,
E-mail: overseas4employment@gmail.com



## साउदीमा रोजगार

कम्पनी : AL SHALAWI LOGISTICS
शहर : King Soud Rd

पूर्व स्वीकृति मिति २०८१/०५/०५ | LT. No. 309261 | चलानी नं. ६०२२३९००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Duty Driver (Truck) | 20 | 0 | 1800 | ६४,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १४ गते (30th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD.

श्रम ईजाजत नं. ११८२/०७३/७४ Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHOLOUD MUHAMMAD NASSER AL-ARWAN TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति २०८१/०५/०२ | LT. No. 309130 | चलानी नं. ६०२२३७७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १३ गते (29th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD

श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ROAYA AL MUMAYAZ COMPANY FOR PROVIDING MEALS

पूर्व स्वीकृति मिति २०८१/०५/०५ | LT. No. 309252 | चलानी नं. ६०२२३८९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Kitchen Helper | 7 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १४ गते (30th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा रोजगार

कम्पनी : IMILE SAUDI LOGISTICS SERVICES COMPANY
शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०५/०५ | LT. No. 309183 | चलानी नं. ६०२२३८१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER MINI TRUCK | 29 | 0 | 1500 | ५३,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १४ गते (30th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०५/०७४/०७५

All Asia Overseas Pvt.Ltd

Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## युएईमा रोजगार

कम्पनी : ROYAL INTERNATIONAL CONSTRUCTION - LLC
शहर : Abu Dhabi

पूर्व स्वीकृति मिति : २०८१/०५/०५ | LT. No.309134 | चलानी नं. ६०२२३८२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith For Construction | 1 | 0 | 1400 | ५०,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1400 | ५०,८९० | | | | | | | |
| 3 | Carpenter/mason/seaman | 3 | 0 | 1800 | ६५,४३० | | | | | | | |
| 4 | Cleaner General | 2 | 0 | 900 | ३२,७१५ | | | | | | | |
| 5 | Electrician Gen. | 2 | 0 | 1400 | ५०,८९० | | | | | | | |
| 6 | Helper Insulation | 2 | 0 | 1400 | ५०,८९० | | | | | | | |
| 7 | Operator (Die Maker) | 2 | 0 | 1400 | ५०,८९० | | | | | | | |
| 8 | Painter Assistant Wood | 1 | 0 | 1200 | ४३,६२० | | | | | | | |
| 9 | Pipe Fitter | 1 | 0 | 1400 | ५०,८९० | | | | | | | |
| 10 | Welder Tech. | 13 | 0 | 1800 | ६५,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १४ गते (30th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०५०/०७३/०७४

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

# प्रभाव दैनिक

शुक्रबार, ०७ भदौ २०८१ (Friday, August 23, 2024)





## 'नरसिंहाः अवतार'मा भित्रिए प्रशान्त

एक्सन तथा सोसल ड्रामामा बन्ने फिल्म 'नरसिंहाः अवतार' मा कलाकारहरूको रोचक लाइनअप तयार हुने क्रम जारी छ । निर्देशक दिवाकर भट्टराईले निर्देशन गर्न लागेको फिल्मका लागि अहिलेसम्म पाँचजना मुख्य पात्रहरु फाइनल भइसकेका छन् । कलाकाको लाइनअपमा अभिनेता प्रशान्त ताम्राकार पनि जोडिएका छन् । निर्माण पक्ष र ताम्राकारबीच मंगलबार लिखित सहमति भएको हो । निर्देशक भट्टराई र अभिनेता ताम्राकारले यस अघि 'ऐश्वर्या' र 'मायावी'मा पनि सहकार्य गरेका थिए ।





# नेपाली संगीतलाई उचाइ दिएका दिपक

■ मोहन पन्त

**काठमाडौं–** नेपाली संगीतको विकास, प्रवर्द्धन र संरक्षणमा महत्वपूर्ण भूमिका खेलेका संगीतकार हुन् दिपक शर्मा । नेपाली समाज, संस्कृति र परम्परालाई संगीतमार्फत प्रस्तुत गर्दै शर्माले नेपाली माटोको सुगन्ध विश्वभरका नेपाली संगीतप्रेमीहरू माझ पुऱ्याएका छन् । अझ भन्ने हो भने शर्माले आफ्नो सांगीतिक सृजनामार्फत नेपाली समाजमा जागरूकता फैलाउने र सांस्कृतिक पहिचानलाई जोगाउने महत्वपूर्ण जिम्मेवारी पनि पुरा गर्दै आएका छन् ।

नेपाली संगीतलाई परम्परागत शैलीसँग जोड्दै आधुनिक प्रविधिको प्रयोग गरेर उनले नेपाली संगीतलाई नयाँ उचाई दिएका छन् । सन् १९८५ मा म्याग्दीमा जन्मिएका शर्माले आफ्नो संगीत सृजनाको जगका रूपमा मौलिक नेपाली संगीतलाई लिएका छन् । मौलिक संगीतको आडमा सृजना गरिएका संगीतले आफ्नोपनको आभाष दिने उनको भनाई छ । नेपाली लोक, पप, आधुनिक, फिल्मी, लोक पप, क्लासिकल, भजन जस्ता थुप्रै बिधाका गीतमा शर्माले संगीत गरेका छन् । १२ सुर र ७ स्वरमा पोख्त शर्मा निरन्तरको मेहनत, संगीतको अध्ययन र समर्पणले निखारिएका संगीतकार हुन् ।

राष्ट्रिय लोक सांस्कृतिक संघका उपाध्यक्ष तथा राष्ट्रिय श्रष्टा तथा प्रस्तोता प्रतिष्ठानका महासचिवसमेत रहेका शर्माले आफ्नो सृजनामार्फत नेपालका विभिन्न जातजाति र संस्कृतिहरूको धरोहरलाई जोगाउन संस्थागत रूपमै काम गरिरहेका छन् । शर्माले लोकसंगीत र परम्परागतधुनहरूको पुनरुत्थानमा महत्वपूर्ण भूमिका खेलेका छन् । नेपाली संगीतमा विविधता थप्दै, शर्माले भिन्नभिन्न भूगोल र समुदायका संगीतहरूलाई मञ्चमा ल्याएका छन् । नेपालमा गाइने रैथाने भाकाको संरक्षणमा योगदान दिएका शर्माले नेपाली सांस्कृतिक पहिचानलाई संरक्षण गर्ने काम गरेका छन् । जसले गर्दा नेपाली संगीतको मौलिकता कायम रहन टेवा पुगेको छ ।

वास्तवमा शर्माको सृजनाले नेपाली संगीत क्षेत्रमा वेग्लै परिवेश स्थापित गरेको छ । उनले नेपाली जनजीवन, भावना र चेतनाको ढुकढुकी, लोकको वेदना, संवेदना, सचेतना सबै खाले भावनाका गीतमा संगीत दिएका छन् । उनले संगीतमा हिजो के गरे, आज के गरिरहेका छन् र भोलि के गर्लान, त्यसको मुल्याङ्कन भावि पुस्ताले पक्कै गर्नेछ । यद्यपी आज हरेक श्रोताहरूले आफ्नो हरेक संवेदनाका प्रत्येक पलहरूमा मेल खाने गीत खोज्दा सबैभन्दा पहिले भेटिने उनकै संगीतका गीत हुन् । शर्माले संगीतलाई शान्ति र सद्भाव फैलाउने माध्यम मान्छन् ।

झण्डै दुई दशक लामो सांगीतिक यात्राको क्रममा उनले स्थापित देखि नवप्रवेशी सबै श्रष्टा तथा प्रस्तोताहरूसँग काम गरिसकेका छन् । शर्माले राजेन्द्र थापा, डा. कृष्णहरी बराल, आनन्द अधिकारी, किरण खरेल, क्षेत्र प्रताप अधिकारीजस्ता मूर्धन्य गीतकारका शब्दलाई संगीतको माध्यमबाट प्राण भरेका छन् । नेपाली संगीतमा बिशिष्ठ पहिचान बनाएका रामकृष्ण ढकाल, राजेशपायल राई, आनन्द कार्की, यम बराल, प्रेमराजा महत, देविका बन्दनाजस्ता बरिष्ठ गायक गायिकाले पनि शर्माको संगीतमा गीत गाएका छन् । नवप्रवेशीको कुरा गर्दा उनले थुप्रै गीतकार र गायक गायिकालाई सांगीतिक हात र साथ दिएर यस क्षेत्रमा स्थापित गराएका छन् । कृष्ण काफ्ले, बिन्दु परियार, सहिमा श्रेष्ठ, डेभिड शंकर, आशिश सचिन, बेनिशा पौडेल, सविन सुबेदी जस्ता कलाकारहरू शर्माकै संगीतमा गीत गाएर स्थापित भएका छन् । नवप्रतिभालाई संगीत क्षेत्रमा ल्याएर शर्माले नेपाली संगीतलाई थप धनी बनाएका छन्, संगीत क्षेत्रको भविष्यलाई थप उज्यालो बनाएका छन् र नेपाली संगीतको निरन्तरता सुनिश्चित गरेका छन् ।

संगीतप्रतिको गहिरो समझ, समाजप्रतिको उत्तरदायित्व र आफ्नो कलाप्रतिको निष्ठाले नेपाली संगीत क्षेत्रमा शर्मालाई विशेष बनाएको छ । नेपाली संगीतमा दिएको विशिष्ठ योगदानका लागि नेपाल सरकारका तर्फबाट राष्ट्रपतिको हातबाट संगीतकार शर्मा 'जनसेवाश्री पञ्चम'बाट बिभुषित समेत भएका छन् । यस्तै शर्माले संगीत महर्षिबाट बिभुषित संगीतकार नातिकाजीको नाममा स्थापित 'नातिकाजी राष्ट्रिय प्रतिभा पुरस्कार' समेत प्राप्त गरेका छन् । उत्कृष्ट संगीत सृजनाका लागि शर्माले कालिका एफएम म्युजिक अवार्ड, सगरमा थाम्युजिक अवार्ड, डिसिने अवार्ड, नेपाल अफ्रिका फिल्म फेष्टिवलमा उत्कृष्ट संगीतकारको अवार्डलगायतका थुप्रै अवार्ड तथा सम्मानहरू प्राप्त गरेका छन् ।

हजार भन्दाबढी गीतमा संगीत दिएका शर्माले झण्डै चार दर्जन चलचित्रका गीतमा संगीत दिएका छन् । यतिबेला शर्माद्वारा संगीतवद्ध चलचित्र 'छक्का पञ्जा ५'मा समावेश गीत 'बिहे भाको छैन' चर्चाको शिखरमा छ ।

# 'रावायण'को ट्रेलर रिलिज

**काठमाडौं (प्रस)–** यही भदौ २१ गते रिलिज हुने फिल्म 'रावायण'को ट्रेलर रिलिज भएको छ । बिहीबार राजधानीमा एक कार्यक्रम गर्दै फिल्म युनिट, पत्रकार तथा सञ्चारकर्मीको उपस्थितिमा ट्रेलर रिलिज गरिएको हो ।

एक्सनपूर्ण ट्रेलरमा प्रेम र द्वन्द्वको कथालाई चित्रण गरिएको छ । ट्रेलरमा नायिका पुजा शर्मालाई पत्रकारको भूमिकामा देखाइएको छ । फिल्ममा नायक पल शाहले दोहोरो भूमिका निभाएका छन् । ट्रेलरको अन्तिम दृश्यमा दुई पलको द्वन्द्वलाई देखाइएको छ । दुई पात्रको द्वन्द्व पुजाकै कारण हुने भन्ने प्रष्ट देखाइएको छ ।

कार्यक्रममा फिल्मका कथाकार, निर्माता र निर्देशक सुदर्शन थापाले फिल्मको नाम झट्ट सुन्दा धार्मिक लागे पनि फिल्म त्यस्तो नभएको खुलाए । 'यो धार्मिक रावायणसँग सम्बन्धित छैन । रामायाणमा रामलाई प्राथमिकता दिइएको थियो । हाम्रो रावायणमा रावणलाई प्राथमिकता दिएका छौं', उनले भने, 'रावणलाई प्राथमिकता दिँदा फिल्म फरक स्वादको बन्छ भन्ने लागेर हामीले त्यस्तै कथामा फिल्म बनाएका छौं । टिजर, गीत, फस्टलुकले हाम्रो जुन हाइप बनाएको छ, त्यो हाइप ट्रेलरले बनाउनेमा ढुक्का छौं ।'

सुदर्शन थापा प्रोडक्शन र पुजा शर्मा प्रोडक्शनको संयुक्त ब्यानरमा बनेको फिल्मकी निर्माता पुजा शर्मा हुन् ।


**Roshi Rural Municipality**
**Roshi-07, Kavre**
**Bagmati Province, Nepal**

**NOTICE FOR TENDER PUBLICATION**

**Date of Publication : 2081/05/07**

This is to notify that online invitation for bids published for following project listed in the E-GP System (https://bolpatra.gov.np/egp) of government of Nepal, Bidders can only bid electronically for further details bidders are Requested to visit the project office at Roshi-7, Kavrepalanchok or PPMO' Website https://bolpatra.gov.np/egp

**Contract Details**

| Name Of Project | Contract ID | Estimate Amount (With VAT and PS) | Bid Security Amount (NRs) | Bid Document Fee(NRs) |
|---|---|---|---|---|
| Upgrading of Kaldhunga Gomati Bhanjyang Hayu Basti Wada Karyalaya Jodne Sadak | RRM/UKG/W/NCB/01-2081/82 | 1,94,12,903.70 | 5,00,000.00 | 3000 |
| Upgrading of Chauki dada Khahare Pagu Sadak | RRM/UCK/W/NCB/02-2081/82 | 1,94,14,110.16 | 5,00,000.00 | 3000 |
| Upgrading of Potadobhan Lurpung Dokarpa Mahabharat Chauki bhanjyang Antarpalika Sadak | RRM/UPA/W/NCB/03-2081/82 | 1,94,15,820.91 | 5,00,000.00 | 3000 |

**Chief Administration Officer**

**Invitation for Electronic Bids**
**Barju Rural Municipality**
**Office of Rural Municipality Executive**
**Amahibelha, Sunsari**

**INVITATION FOR BIDS FOR THE AS PER TABLE BELOW**

**Contract Identification No: BRM/SUNSARI/NCB/GOODS/1/2081/82**
***Date of publication: 23-08-2024***

1. **Barju Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the Procurement of Essential goods for office uses for Barju Rural municipality**.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Barju Rural Municipality, Amahibelha, Sunsari. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC Asia Bank Limited. Inaruwa Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.:**2432050027873004**
   Rajaswa (revenue) Shirshakno. :AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA
4. Pre-bid meeting shall not be held.
5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM, 22th Sep 2024** at the office of Barju Rural Municipality Amahibelha, Sunsari. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for **30 days** beyond the validity period of the bid. Or cash deposit the bid security amount.
   Name Of the bank :NIC Asia Bank Limited. Inaruwa Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: **243CA50017628005**
   **Account Name : DHARAUTI KHATA-BARJU GAUNPALIKA**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Name of Project | Contract Id. No. | Total Estimate Amount (Excluding VAT & Contingencies) | BidSecurity Amount NRs. | Bid Document Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Procurement of Essential goods for office uses | BRM/SUNSARI/NCB/GOODS/1/2081/82 | 1394143 | 30000.00 | 3,000.00 |

**Chief Administrative Officer**


## रंगशाला

### साफ यू-२० च्याम्पियनसिप

# बंगलादेशलाई हराउँदै नेपाल समूह विजेता

■ प्रभाव संवाददाता



**काठमाडौं–** दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यु-२० च्याम्पियनपसिप फुटबल प्रतियोगितामा बङ्गलादेशलाई हराउँदै नेपाल समूह विजेताका रूपमा सेमिफाइनलमा पुगेको छ । सातदोबाटोस्थित एन्फा (अखिल नेपाल फुटबल सङ्घ) कम्प्लेक्सको खेल मैदानमा बिहीबार भएको समूह चरणको आफ्नो अन्तिम खेलमा नेपालले बङ्गलादेशलाई २-१ गोलअन्तरले पराजित गर्दै समूह 'ए' को विजेताको रूपमा सेमिफाइनलमा पुगेको हो । नेपालले आफ्नो पहिलो खेलमा श्रीलंकालाई १-० गोलअन्तरले पराजित गरेको थियो । नेपालको दुई खेलमा ६ अंक भएको छ ।

यस हारसँगै बङ्गलादेश पनि समूह 'ए' को उपविजेता बन्दै सेमिफाइनलमा पुगेको छ । बङ्गलादेशलले तीन अंक बटुलेको छ । श्रीलंका भने अंकविहीन रहँदै प्रतियोगिताबाट बाहिरियो ।

नेपालको जितमा समिर तामाङ र निराजन धामीले समान एक-एक गोल गरे । दुवै गोल खेलको पहिलो हाफमा भएको थियो । खेलको १७औं मिनेटमा नेपालले पहिलो अग्रता लियो । नेपालका समिरले नेपाललाई पहिलो अग्रता दिलाएका हुन् । त्यसपछि खेलको १९औं मिनेटमा नेपालका अर्का खेलाडी निराजनले एक गोल थपे । उनले अभिनाश स्याङ्तानको क्रसमा गोल गरेका हुन् ।

त्यस्तै खेलको ४३औं मिनेटमा बङ्गलादेशका लागि मिराजुल इस्लामले पेनाल्टीमार्फत एक गोल फर्काए । नेपालका राम थापाले पेनाल्टी क्षेत्रभित्र मिराजुललाई लडाएपछि रेफ्रीले बङ्गलादेशलाई पेनाल्टी दिएको थियो ।

खेलको दोस्रो हाफमा दुवै टोलीले गोल गर्ने निकै प्रयास गरे पनि सफल हुन सकेनन् र अन्ततः खेल २-१ मा सम्पन्न भयो । समूह 'बी' अन्तर्गत समूह चरणको अन्तिम खेल शुक्रबार (आज) हुनेछ । जसमा भारत र माल्दिभ्स आमने सामने हुनेछन् ।

# आर्मीलाई हराउँदै बिर्तामोड सेमिफाइनलमा

**ताप्लेजुङ (प्रस)–** अन्तर्राष्ट्रिय आमन्त्रण दोस्रो ताप्लेजुङ गोल्डकपअन्तर्गत भएको पहिलो चरणको अन्तिम खेलमा त्रिभुवन आर्मी क्लब काठमाडौंलाई ३-० गोल अन्तरले पराजित गर्दै झापाको विर्तामोड युनाइटेड फुटबल क्लब सेमिफाइनलमा प्रवेश गरेको छ ।

अन्तिम क्वाटरफाइनलको खेलमा विर्तामोडका अभिसेक गुरुङ, देवेन्द्र कार्की र हिसुब थपलियाले गोल गरेका थिए । झापाले अब सेमिफाइनलको खेलमा सिरहाको सलहेस युवा क्लबसँगको भेट पक्का गरेको छ। सिरहाले पाँचथर फुटबल क्लबलाई १-० गोलले हराउँदै सेमिफाइनलको यात्रा तय गरेको हो ।

त्रिभुवन आर्मी क्लब काठमाडौं भरत खवास, नवयुग श्रेष्ठका खेलाडी लिएर मैदानमा उत्रिएको थियो । यस्तै आसिक बाबु चौधरी, जितेन्द्र कार्की लगायतका चर्चित खेलाडी आर्मीको टिममा थिए । बुधबारको खेलबाट मोरङको सगरमाथा युथ क्लब सेमिफाइनलमा प्रवेश गरेको छ। मोरङले रूपन्देहीको बुटवल लुम्बिनी फुटलब क्लबलाई १-० गोलले हराउँदै सेमिफाइनलमा ताप्लेजुङसँगको भीडन्त सुनिश्चित गरेको हो ।

घरेलु टिम सङ्घर्ष स्पोटिङ युवा क्लब भारतको कञ्चनजङ्घा फुटबल क्लबलाई ७-५ गोलले पराजित गर्दै सेमिफाइनलमा पुगेको छ। शुक्रबार हुने सेमिफाइनलको पहिलो खेलमा सङ्घर्ष स्पोटिङ युवा क्लब र मोरङको सगरमाथा युवा क्लबबीच दिउँसो २ बजे खेल हुनेछ । लाखे जात्रा पर्वका अवसरमा आयोजित प्रतियोगिताको विजेताले नगद रु पाँच लाख र उपविजेताले रु दुई लाख ५० हजार पाँच सय ५५ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल खेल भदौ १० गते हुनेछ ।

अमेरिकी राष्ट्रपतीय निर्वाचन

# वाल्जद्वारा पार्टीमा औपचारिकरूपमा उम्मेदवारी दर्ता

**सिकागो–** डेमोक्रयाटिक पार्टीका तर्फबाट उपराष्ट्रपति पदका उम्मेदवारका लागि टिम वाल्जले आफ्नो उम्मेदवारीलाई औपचारिकरूपमा स्वीकार गरेका छन् । पार्टीका तर्फबाट उपराष्ट्रपतिको उम्मेदवारका रूपमा मनोनीत वाल्जले पार्टीको अधिवेशनमा उम्मेदवारी दर्ता गर्दै औपचारिकरूपमा उम्मेदवारीको प्रक्रियालाई अगाडि बढाउन सहमति जनाएका हुन् ।

वाल्जले शिकागोमा डेमोक्रयाटिक पार्टीको राष्ट्रिय सम्मेलनमा भने, 'संयुक्त राज्य अमेरिकाको उपराष्ट्रपतिका लागि तपाईंको मनोनयन स्वीकार गर्न पाउनु मेरो जीवनको सम्मान हो । हामी यो देशलाई माया गर्छौं । त्यसैले त हामी सबै आज यति राति यहाँ एउटा सुन्दर र सरल कारणको लागि भेला भएका छौं ।'

उपराष्ट्रपति पदका लागि तुलनात्मकरूपमा चर्चा नपाएका मिनेसोटाका गभर्नरले डोनाल्ड ट्रम्पविरुद्ध कमला ह्यारिसको बढ्दो अभियानमा शिकागोको युनाइटेड सेन्टरमा गरिएको उनको सम्बोधनले चामत्कारिक मध्यपश्चिमी माहोल ल्याएको छ । बिहीबार ह्यारिसको राष्ट्रपतिको उम्मेदवारीले औपचारिकता पाउने भव्य समारोहभन्दा पहिले मञ्च लिँदै, पूर्वशिक्षक तथा राष्ट्रिय सैन्य सुरक्षाअधिकारी वाल्जले एक भाषणमा आफ्नो जीवनकथालाई रेखांकन गरेको र अमेरिकीहरूको स्वतन्त्रताको रक्षा र भविष्यको निर्माणमा ध्यान केन्द्रित गर्न सफल भएका छन् ।

डेमोक्रयाटिक पार्टीको अधिवेशन सम्बोधनको १२औं सदस्य बनेका भीडलाई खुसी तुल्याएका पूर्वराष्ट्रपति बिल क्लिन्टनले ह्यारिसले वाल्जलाई आफ्नो 'रनिङ मेट' को रूपमा चयन गरेर चर्चाको चुलीमा ल्याएको बताएका थिए । 'निर्वाचनमा होमिएका दुईजना नेतासँग सबै अमेरिकीका अझै पनि असम्भव जीवनकथाहरू छन् । यो यहाँ मात्र हुन सक्छ,' क्लिन्टनले भने, 'यदि तपाईंले यो टोलीलाई मतदान गरी निर्वाचित गराए उहँहरूले निर्वाचनमा मात्र सफलता पाउने नभई यसबाट तपाईंलाई आफ्नो बाँकी जीवनको लागि गर्व गर्ने अवसर मिल्ने छ ।' *रासस/एएफपी*

# विश्वका ५५ देशका सरकारद्वारा आलोचकमाथि यात्रा प्रतिबन्ध प्रयोग : *फ्रिडम हाउस*

**वासिङ्टन–** विश्वका कम्तीमा पनि ५५ वटा सरकारले कथित राजनीतिक प्रतिद्वन्द्वीविरुद्ध दमनकारी रणनीतिका रूपमा यात्रा प्रतिबन्धको प्रयोग गरिरहेको बिहीबार सार्वजनिक एक प्रतिवेदनले देखाएको छ । फ्रिडम हाउसका अनुसार नागरिकता खारेज गर्ने, यात्रा प्रतिबन्ध लगाउने, राहदानी जफत गर्ने र कन्सुलर सेवाबाट वञ्चित गर्नेजस्ता उपायहरू अधिनायकवादी शासनहरूले खतराका रूपमा हेरिएका मानिसहरूको आवागमनको स्वतन्त्रतालाई कुण्ठित गर्न प्रयोग गरेका छन् ।

बेलारुस, भारत, निकारागुआ, रुवान्डा र साउदी अरबका ३१ जनाको अन्तर्वार्ताका आधारमा यो प्रतिवेदन तयार पारिएको फ्रिडम हाउसले जनाएको छ । प्रतिवेदनमा उल्लेख गरिएका सरकारहरूले राजनीतिक सक्रियता वा असहमतिको बदला लिन यी चार विधिमध्ये कम्तीमा एउटा विधि प्रयोग गर्ने गरेको अमेरिकी गैरनाफामूलक संस्थाले जनाएको छ ।

फ्रिडम हाउसका अन्तरिम अध्यक्ष निकोल बिबिन्स सेडाकाले भने, 'अधिनायकवादीहरूले विरोधीहरूलाई वाक स्वतन्त्रताबाट रोक्न कुनै पनि सम्भावित उपायको खोजी गरिरहेका छन् ।' उनले अगाडि थपे, 'आन्दोलनका प्रतिबन्ध, राजनीतिक कारावास र अन्तरदेशीय दमनलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय समुदायको थप जागरुकता र ठोस प्रयासविना असहमतिलाई दबाउन र मौलिक अधिकारको उल्लंघन गर्न यी रणनीतिहरूको प्रयोग बढ्ने छ ।'

सन् २०१८ को अक्टोबरमा इस्तानबुलस्थित साउदी वाणिज्य दूतावासमा टर्कीकी मंगेत्तरसँग विवाहका लागि आवश्यक कागजात लिन गएका साउदी पत्रकार जमाल खशोग्गीको हत्या भएको थियो । फ्रिडम हाउसले निकारागुआले सन् २०२३ मा २ जना राजनीतिक बन्दीलाई अमेरिका निर्वासित गरेको उल्लेख गरेको छ । निकारागुआमा समाचार वेबसाइट कन्फिडेन्सियलका संस्थापक कार्लोस फर्नान्डो चामोरोले भने, 'निकारागुआमा मेरो वैध पहिचान छैन र मेरा बच्चाहरूको बुबा वा आमा छैन किनभने उनीहरूका बुबा र आमा अस्तित्वमा छैनन् । हाम्रो घर, जग्गा, सेवानिवृत्तिको रूकम (पेन्सन) सहित सबै सम्पत्ति जफत भएको छ ।'

फ्रिडम हाउसका अनुसार गत जुन महिनामा हङकङका छ जना प्रजातन्त्र समर्थक कार्यकर्ताको राहदानी रद्द गरिएको थियो । विदेशमा रहेका इरिट्रियालीले कन्सुलर सेवा प्राप्त गर्न 'अफसोस् वा र पश्चाताप' फाराममा हस्ताक्षर गर्न बाध्य भएका छन् । बहराइन, इजिप्ट, कुवेत र संयुक्त अरब इमिरेट्सका अधिकारीहरूले विगत एक दशकमा सयौं राजनीतिक विद्रोही, मानवअधिकारकर्मी, पत्रकार र अन्यको नागरिकता खोसेको प्रतिवेदनमा उल्लेख छ ।

लगभग ४० वटा सरकारहरूले देशभित्र वा बाहिर आवतजावतमा प्रतिबन्ध लगाएका छन्, र भारत र साउदी अरबलगायत धेरै राज्यहरूमा यसबारे कुनै आधिकारिक सूची छैन । पीडितहरूले विमानस्थलमा आइपुग्दा वा अफवाहको माध्यमबाट मात्र उनीहरूलाई लक्षित गरिएको थाहा पाउँछन् ।

प्रतिवेदनअनुसार ३८ देशका सरकारले राहदानीजस्ता महत्त्वपूर्ण कागजातमा पहुँचलाई नियन्त्रण गरेर आफ्ना नागरिकको आवागमनमा रोक लगाएका छन् भने तीमध्ये १२ वटा देशले राहदानी नवीकरण वा जन्म वा विवाहको प्रमाणपत्र जारी गर्नेजस्ता कन्सुलर सेवाबाट वञ्चित गरेका छन् । *एएफपी*

## अफगानिस्तानमा बाढीका कारण १० जनाको मृत्यु

**काबुल–** अफगानिस्तानमा आएको बाढीका कारण १० जनाको मृत्यु भएको देशको राष्ट्रिय विपद् प्राधिकरणले बुधबार राति जनाएको छ । पछिल्लो केही दिनयता अफगानिस्तानका केही भागहरूमा आएको आकस्मिक बाढीका कारण १० जनाको मृत्यु हुनुका साथै अन्य आठ जना घाइते भएको प्राधिकरणका प्रवक्ता मुल्लाह जनान स्याकले बताए ।

उनका अनुसार बाढीले निम्त्याएको प्राकृतिक प्रकोपका कारण १०० वटा आवासीय घरहरू पनि पूर्ण वा आंशिकरूपमा क्षति भएका छन् भने खेतीबालीमासमेत गम्भीर क्षति पुगेको छ । प्रान्तीय सरकारले सबै प्रान्तीय अधिकारीहरूलाई बाढी प्रभावितलाई तत्काल उद्धार गरी आवश्यक प्रक्रिया अघि बढाउन आदेश दिएका छन् । *रासस/सिन्हवा*

## आन्द्र प्रदेशस्थित रिएक्टर विष्फोटमा परी १७ जनाको मृत्यु

**अनाकपल्ली, आन्ध्र प्रदेश–** भारतको आन्ध्र प्रदेशस्थित अनाकपल्लीको अच्युतापुरम्स्थित विशेष आर्थिक क्षेत्र (सेज) मा रहेको एक औषधि कम्पनीमा भएको विष्फोटमा परी मृत्यु हुनेको संख्या बिहीबार १७ पुगेको छ । यसअघि बुधबार दिइएको जानकारीमा कम्तीमा तीन जनाको मृत्यु भएको र १७ जना घाइते भएको बताइएको थियो । अनाकपल्लीका जिल्ला प्रशासक विजय कृष्णनले मृत्यु संख्या १७ पुगेको पुष्टि गरेका छन् ।

आन्ध्र प्रदेशका मुख्यमन्त्री एन चन्द्रबाबु नायडुले घटनाको उच्चस्तरीय छानबिन गर्न निर्देशन दिएका छन् । घटनाप्रति दुःख व्यक्त गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले धेरै व्यक्तिको हताहत भएको उक्त दुर्घटनाले आफूलाई मर्माहत बनाएको बताएका छन् । प्रधानमन्त्री कार्यालयले मृतकका परिवारलाई दुई लाख भारतीय रूपैयाँ दिने घोषणा गरेको छ । *रासस/एएफपी*

## गाजा सम्झौताका लागि नेतान्याहुलाई बाइडेनको दबाब

**वासिङ्टन–** मध्यस्तकर्ताहरूको आग्रहमा आयोजित गाजा युद्धविराम वार्ता अवरूद्ध भएपछि अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई हमाससँग गाजा युद्धविराम सम्झौताका लागि दबाब दिएका छन् । वार्ताका लागि गरिएका प्रयास सफल हुन नसकेपछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन मध्यपूर्वको भ्रमणलाई अन्त्य गरेको केही समयपछि बाइडेन र नेतान्याहुबीच टेलिफोनमा कुराकानी भएको हो । मध्यपूर्वमा तनाव बढ्दै जाँदा अमेरिकी कुटनीतिज्ञ स्वदेश फिर्ता हुनुले तत्काल थप वार्ताको सम्भावना देखिँदैन ।

यद्यपि, सामाजिक सञ्जाल एक्समार्फत बाइडेनले युद्धविराम र बन्धक मुक्तिको सम्झौता बन्द गर्नुपर्ने जनाउँदै बाँकी अवरोध हटाउन आगामी कायरो वार्ताबारे छलफल गरेको जनाएका छन् । तेहरानले हमासका शीर्ष नेताको हत्याको बदला लिने धम्की दिएपछि उनले नेतान्याहुसँग इरान र यसको आतंकवादी समूहबाट हुने खतराविरुद्ध अमेरिकाले इजरायलको रक्षा र समर्थन गर्ने बताए । ह्वाइट हाउसले पनि अमेरिकी राष्ट्रपति बाइडेनले सम्झौतामा पुग्न 'तत्काल जोड दिएको' जनाएको छ । उपराष्ट्रपति कमला ह्यारिसले पनि फोनमा नेतान्याहुसँग कुराकानी गरेको स्रोतले जनाएको छ । *रासस/एएफपी*


### कतारमा रोजगार

कम्पनी : QATAR CLEANING COMPANY W.L.L
शहर : Doha

पूर्व स्वीकृति मिति : २०८१/०५/०५ | LT. No. 309290 | चलानी नं. ६०२२३९२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer (Male) | 60 | 0 | 1000 | ३६,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १४ गते (30th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

### ओमनमा रोजगार

कम्पनी : AL MILADI GLOBAL MANPOWER SERVICES
शहर : Abu Dhabi

पूर्व स्वीकृति मिति २०७९/०७/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०६ | LT. No. : 274633 | चलानी नं.: ६०१९०४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Doctor-General Practitioner | 80 | 20 | 900 | ३१४,२७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Doctor-Medical Officer | 80 | 20 | 1100 | ३८४,११० | | | | | | | |
| 3 | Technician-Radiology & Labotary | 100 | 0 | 420 | १४६,६६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Hotel Swornim Boutique, Naxal, काठमाडौंमा मिति: २०८१ भदौ १०/११/१२/१३ गते (26/27/28/29 Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 128/055/56
Kasturi International Service Pvt. Ltd.
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CAN PACK INDUSTRIAL COMPANY one person company

पूर्व स्वीकृति मिति २०८१/०५/०५ | LT. No. 309254 | चलानी नं. ६०२२३८३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १४ गते (30th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३८४/०५९/०६०
Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIYAR PUBLIC FACILITIES MANAGEMENTS CO.

पूर्व स्वीकृति मिति: २०८०/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०६ | LT. No.290808 | चलानी नं. ६०२०६२५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Body Guard | 20 | 0 | 140 | ६१,५७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 50 | 20 | 90 | ३९,५८५ | | | | | | | |
| 3 | DRIVER LIGHT GCC | 25 | 0 | 140 | ६१,५७५ | | | | | | | |
| 4 | Security Guard | 30 | 0 | 130 | ५७,१७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १४ गते (30th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.८३३/०६६/०६७
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

### युएईमा रोजगार

कम्पनी : TILAK FOR DELIVERY SERVICE LLC OPC
शहर : UAE

पूर्व स्वीकृति मिति : २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०५ | LT. No. 301861 | चलानी नं. ६०२१६८४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Delivery Boy | 4 | 0 | 1500 | ५४,१८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Office Cleaner | 0 | 3 | 900 | ३२,५१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १३ गते (29th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 301861 मिति: २०८१/०५/०६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Munal Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

### साउदीमा रोजगार

कम्पनी : TAVEEQ DATES FACTORY
शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८१/०५/०५ | LT. No. 309213 | चलानी नं. ६०२२३९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : OASIS CORNER SINKS FOR WASHING CLOTHES

पूर्व स्वीकृति मिति २०८१/०५/०५ | LT. No. 309270 | चलानी नं. ६०२२३९१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenters | 1 | 0 | 1200 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १४ गते (30th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३३६/०५९/०६०
AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAJESTIC RESTAURANT MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८०/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०६ | LT. No. 299517 | चलानी नं.६०२१४४५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 40 | 40 | 85 | ३६,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook/chef Assistant | 39 | 0 | 150 | ६५,२७५ | | | | | | | |
| 3 | Driver | 20 | 0 | 150 | ६५,२७५ | | | | | | | |
| 4 | Security Guard | 20 | 0 | 130 | ५६,५७५ | | | | | | | |
| 5 | Waiter/waitress | 30 | 30 | 150 | ६५,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १४ गते (30th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

### साउदीमा रोजगार

कम्पनी : AD LINE MEDIA FOR ORGANIZING EXHIBITIONS COMPANY
शहर : Al Khobar

पूर्व स्वीकृति मिति : २०८१/०५/०५ | LT. No. 309301 | चलानी नं.६०२२३९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १४ गते (30th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EQUATOR INTERNATIONAL (P) LTD.
Govt. License No. 746/064/065
EQUATOR INTERNATIONAL P LTD
Gongabu-5, Kathmandu, Nepal, Contact: +977-1-4986469, 1-4986470, Mobile: 9851096808, 9851034986, 9851011886
E-mail : equator746@gmail.com, Web: www.equatorintl.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।


प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५१९०० | प्रति तोला – - | प्रति तोला – १८३० |

## ‘अर्थतन्त्रमा सकारात्मक नतिजा देखिन थालेका छन्’



■ प्रभाव संवाददाता

**काठमाडौं –** प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकार गठनपश्चात छोटो अवधिमै अर्थतन्त्रमा सकारात्मक नतिजा देखिन थालेको बताएका छन् ।

प्रतिनिधिसभाको बैठकमा सांसदसँगको प्रश्नोत्तर कार्यक्रममा जवाफ दिँदै उनले जनतामा विद्यमान निराशा चिर्न र आशाको सञ्चार जगाउन दुई ठूला दल मिलेर सरकार बनेको उल्लेख गर्दै गत वर्षको तुलनामा साउनमा राजस्व परिचालन र पुँजीगत खर्चमा वृद्धि भएको बताए ।

‘घरजग्गा कारोबार सुधार क्रमशः हुँदै गएको छ । पुँजी बजारमा उल्लेखनीय सुधार आएको छ। अर्थतन्त्रको बाह्य सूचक सुविधाजनक अवस्थामा छ भने लगानी गर्न निजी क्षेत्रको मनोवल उत्साहित देखिएको मैले पाएको छु’, उनले भने ।

प्रधानमन्त्री ओलीले आर्थिक गतिविधि क्रमशः चलायमान हुन थालेको बताउँदै सरकार गठन भएको एक सय दिनभित्र जनतालाई प्रत्यक्ष लाभ हुने गरी नीतिगत, कानुनी एवं सेवाप्रवाहमा सुधार गर्ने मार्गचित्रसहितको कार्ययोजना कार्यान्वयन प्रारम्भ भइसकेको जानकारी गराए ।

फरक प्रसङ्गमा उनले दमकमा व्यापारिक गतिविधिलाई सहयोग पुऱ्याउने उद्देश्यले दमक बिजनेश कम्प्लेक्स निर्माण गरिएको बताए । योजनाको नाम दमक भ्यूटावर भए पनि प्रमुख रूपले व्यापारिक तथा पर्यटकीय दृष्टिकोणले मिश्रित हिसाबले उपयोग गर्न सकिने गरी भवनको डिजाइन भएको छ । टावर सञ्चालन कार्यविधि निर्माण गरी यसलाई छिट्टै सञ्चालनमा ल्याउने सरकारले तयारी गरिरहेको प्रधानमन्त्री ओलीले जानकारी दिए ।

## नेप्से निरन्तर उकालो

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार सामान्य अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक छ दशमलव शून्य एक अंकले उकालो लागेर दुई हजार नौ सय ७४ दशमलव ४६ मा पुगेको छ ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये छ उपसमूहको सेयर मूल्यमा गिरावट आउँदा सात उपसमूहको सेयर मूल्य भने बढेको छ । ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक तीन दशमलव ७५ अंकले उकालो लागेर पाँच सय ३३ दशमलव ८६ मा पुगेको छ ।

कूल चार करोड नौ लाख ५१ हजार सात सय २० कित्ता सेयर रु १९ अर्ब १६ करोड छ लाख ५२ हजार ८५ मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सेका अनुसार तारागाउँ रिजेन्सी होटल, नारायणी डेभलपमेन्ट बैंक, ज्योति विकास बैंक, कर्पोरेट डेभलपमेन्ट बैंक, सिन्धु विकास बैंक, सप्तकोशी डेभलपमेन्ट बैंक, श्री स्टार हाइड्रोपावरको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

# टानको नयाँ नेतृत्वका लागि दुई प्यानल चुनावी मैदानमा

■ दिपा सुनुवार

**काठमाडौं–** ट्रेकिङ व्यावसायीहरुको छाता संस्था ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)को नयाँ कार्यसमिति निर्वाचनका लागि अध्यक्षका प्रत्यासी राजेन्द्रप्रसाद सापकोटा र सागर पाण्डेले प्यानलसहित उम्मेदवारी घोषणा गरेका छन् ।

टानको आगामी भदौ १७ गते वार्षिक साधारणसभामार्फत नयाँ कार्यसमिति चयन हुँदैछ । अध्यक्षका प्रत्यासी सापकोटाको समूहबाट महासचिवमा राजेन्द्रप्रसाद सुवेदी रहेका छन् भने अध्यक्षका प्रत्यासी सागर पाण्डेको समूहबाट महासचिवमा सोनाम ग्याल्जेन शेर्पा रहेका छन्। अध्यक्षका प्रत्यासी सापकोटाको समूहबाट वरिष्ठ उपाध्यक्षमा कर्मा शेर्पा, प्रथम उपाध्यक्षमा विष्णुप्रसाद लम्साल, द्वितीय उपाध्यक्षमा सनम शेर्पाले उम्मेदवारी घोषणा गरे । यसैगरी अध्यक्षका प्रत्यासी पाण्डे समूहबाट वरिष्ठ उपाध्यक्षमा चोलेन्द्रबहादुर कार्की, प्रथम उपाध्यक्षमा दावा लामा र द्वितीय उपाध्यक्षमा निशेष थापाले उम्मेदवारी घोषणा गरेका छन् ।

यस्तै अध्यक्षका प्रत्यासी सापकोटाको समूहबाट सचिवमा रिञ्जी जाङबु शेर्पा, कोषाध्यक्षमा गौतमराज वाग्ले र सहकोषाध्यक्षमा लाक्पा तेम्बा शेर्पाले उम्मेदवारी घोषणा गरेका छन् । अध्यक्षका प्रत्यासी पाण्डे समूहबाट सचिवमा सजना त्रिपाठी, कोषाध्यक्षमा गणेशप्रसाद न्यौपाने र सहकोषाध्यक्षमा डम्बर अधिकारीले उम्मेदवारी घोषणा गरेका छन् ।

कार्यसमिति सदस्यमा सागर राई, सुमन अर्याल, राजु गुरुङ, दिनेश तिम्सिना, विश्व दाहाल, भुवनबहादुर खड्का, दावा ग्याल्जेन लामा, छेपेट लामा र पवित्रा तामाङले उम्मेदवारी घोषणा गरेका छन् । पाण्डे समूहका तर्फबाट कार्यसमिति सदस्यमा माधवकुमार धमला, विनोदकुमार तामाङ, सृष्टि भण्डारी, फुर्बा छिरिङ भोटे, उत्सव ढकाल, शिवप्रसाद सिलवाल र अम्बिरबहादुर गुरुङलेसमेत उम्मेदवारी घोषणा गरेका छन् ।

अध्यक्षका प्रत्यासी सापकोटाले पदमार्ग संरक्षण, त्यससम्बन्धी नीतिगत सुधार आफ्नो प्रमुख प्राथमिकता रहेको बताए । ‘पदयात्रा व्यवसाय विकासको दीर्घकालीन सोचसहित नीतिगत सुधार पहिलो प्राथमिकता हुनेछ’, उनले भने, ‘पदमार्ग नै नभए व्यवसाय संकटमा पुग्ने खतरा छ, विकासका नाममा मासिँदै गएका पदमार्गको संरक्षणमा कटिबद्ध भएको लाग्नेछु ।’ आर्थिक समृद्धिको मुख्य आधार मानिएको पर्यटन क्षेत्रको महत्वपूर्ण पाटो साहसिक पर्यटनलाई पाठ्यक्रममा समावेश गराएर यसको प्रभावकारी प्रवर्द्धनका लागी आफूले पहल गर्ने उनको भनाइ थियो ।

सापकोटाले टानको नेतृत्वमा अन्तर्राष्ट्रिय स्तरको ‘एडभेन्चर ट्राभल मार्ट’ आयोजना समेत गर्ने आफ्नो योजना रहेको सुनाए । टानको महासचिव पदका प्रत्यासी राजेन्द्रप्रसाद सुवेदीले पदमार्ग संरक्षण र नयाँ गन्तव्य प्रवर्द्धनका लागि सक्रिय भूमिका खेल्ने पनि बताएका छन् । अध्यक्षका प्रत्याशी पाण्डेले पर्वतीय पदयात्रा व्यवसायमा क्रियाशील व्यवसायी र मजदुरलाई प्रत्यक्ष फाइदा पुग्नेगरी ‘बृहद् टान अक्षयकोष’ निर्माण आफ्नो प्राथमिकता रहेको बताएका छन् ।

## महासचिवमा सुवेदी र शेर्पाको टक्कर



सोनाम ग्यालजेन शेर्पा



राजेन्द्रप्रसाद सुवेदी

**काठमाडौं (प्रस)–** ट्रेकिङ व्यावसायीहरुको छाता संस्था ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)को नयाँ कार्यसमिति निर्वाचनका लागि अध्यक्षका प्रत्यासी सागर पाण्डेको प्यानलबाट महासचिवमा सोनाम ग्यालजेन शेर्पा र अर्का अध्यक्षका प्रत्यासी महासचिवमा राजेन्द्रप्रसाद सापकोटाको समूहबाट महासचिवमा राजेन्द्रप्रसाद सुवेदीले उम्मेदवारी घोषणा गरेका छन् ।

पाण्डेको प्यानलबाट महासचिवमा सोनाम ग्यालजेन शेर्पाले २२ बुँदे घोषण पत्र सार्वजनिक गरेका छन् । यस्तै सापकोटाको समूहबाट महासचिवमा राजेन्द्रप्रसाद सुवेदीले २० बुँदे घोषण पत्र सार्वजनिक गरेका छन् ।

पाण्डेको प्यानलबाट उम्मेदवारी दिएका शेर्पाले भने, ‘महासचिवको उम्मेद्वारमा किन लागि परेँ भन्दा अर्को समूह जस्तो दुई तीन वर्ष अगाडिदेखि नै चुनावमा को अध्यक्ष बन्ने को को कुन पदमा रहने भन्ने जुन किसिमको अग्रिम सम्झौता गरेर अगाडि बढेका छन् यस्ता कुरालाई चिर्न र नेपालको पर्यटन प्रवर्द्धन गरी स्वच्छ किसिमले अगाडि बढ्न हाम्रो प्यानलबाट लागेको हौं ।’ ‘हामी प्रत्यक्ष रूपमा टानलाई निष्पक्ष व्यक्ति राजनीतिबाट अछुतो राख्न खोजेका छौं । म राजनीतिबाट टाढा छु । छाता संगठनमा जाँदा हामीले त्यो राजनीतिक हिसाबले लाग्नु हुँदैन’ उनले भने। टानको निर्वाचनमा हामी सक्षम छौँ र हामीले ५०० भन्दा बढी व्यवसायिकहरू एकदम स्वतन्त्र रहेको विश्वास गरेका छौं । त्यसैले अहिले बजारमा पनि हल्ला छ सागर पाण्डेको प्यानल मजबुत र योग्य छ ।

कोभिड पछाडिको पर्यटनलाई परेको प्रत्यक्ष असरबारेमा बोल्दै अध्यक्षका प्रत्यासी सागर पाण्डेको समूहबाट महासचिवमा सोनाम ग्याल्जेन शेर्पाले भने,‘हिमाली क्षेत्रमा दैनिक मजदुरी गर्ने मजदुरहरूको सुरक्षाका लागि हामीले मजदुर कोषको स्थापना लक्ष्य रहेको बताए ।’

उनले भने, ‘पर्यटकहरूको चाप बढ्दै गर्दा खेरि सेवासुविधा थप गर्ने र सहजीकरण गर्नेछौँ ।’ हाम्रो सस्तो बजारलाई बजार चलाएर धेरै पर्यटक भित्र्याउन लक्ष्य त आफ्नो ठाउँमा छँदैछ तर कुन शीर्षकमा कसरी कर तिर्ने भन्ने समस्याचाहिँ ट्रेकिङ व्यवसायीहरूलाई परेको हुनाले सरकारसँग सहकार्य गरेर कुन मोडालिटी प्रयोग गर्न मिल्छ सो गर्न तयार रहेको बताए ।

उनले भने, ‘खुल्ला नियमको व्यवस्था गर्नुपर्छ भन्ने हाम्रो माग हो । हामी पर्यटन व्यवसायीहरूलाई विदेशीहरू बोक्न हरियो नम्बर प्लेट भएको गाडीले मात्र बोक्न पाउने एउटा व्यवस्था कायम गरेको हुनाले हामी यसलाई कसरी सहज र सजिलो रूपमा लान सकिन्छ सो गरिने बताए ।

यसैगरी अध्यक्षका प्रत्यासी महासचिवमा राजेन्द्रप्रसाद सापकोटाको समूहबाट महासचिवमा राजेन्द्रप्रसाद सुवेदीले ट्रेकिङ पेशा एउटा मर्यादित पेशाको रूपमा चिनिएको बताए । ‘समावेशी र व्यवसायीहरूका बीचमा तयार पारिएको टानको टिमले राम्रो काम गरिरहेका छ। तर अझै भएका नियमहरूलाई परिमार्जन गरेर आगामी दिनमा हाम्रो समितिबाट राम्रो कामको लागि हाम्रो समूहले जित्ने कुराको सम्भव छ ’ उनले भने ।

उनले भने, ‘टिम्समा देखिएको समस्या र यावत अन्य समस्याहरूको समाधानको लागि हाम्रो एजेण्डाले ट्रेकिङको कामहरूलाई पुस्तान्तरण गर्न सक्छौं र हाम्रो भविष्यको फिल्डले पनि यो पेशामा आएर काम गर्न सक्ने वातावरण सिर्जना गर्नको लागि हाम्रो समूहले मलाई महासचिवको पदमा उम्मेद्वार बन्न छनौट गरेको हो ।’

उनका अनुसार राज्यसँग बसेर काम गर्दा राज्यले समन्यनकारी भूमिका खेलेर तपाईंको ट्रेकिङ ट्रायलहरू बचाउन पहल हुनेछ । हामीले राज्यको विद्यालय स्तरमा भएका पाठ्यक्रममा नै ट्रेकिङ र ट्रेकिङ पेशालाई समावेश गर्न हाम्रो कार्यसमितिले काम गर्ने छ। पर्यटन सूचना प्रवाह गर्न एउटा थलोको रूपमा सबैलाई इन्फर्मेसन दिन सक्ने वेबसाइटहरू तयार पार्ने पनि उनको योजना रहेको बताए ।

# कर्पोरेट

## मुक्तिनाथ बैंक र नेपाल घरेलु तथा साना उद्योग महासंघबीच सम्झौता



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक र नेपाल घरेलु तथा साना उद्योग महासंघ बीच महासंघसँगमा आवद्ध घरेलु तथा साना उद्योगहरूलाई सहज र सुलभ तरिकाबाट कर्जा प्रवाह हुने गरी यस क्षेत्रको आर्थिक विकास एवं वित्तीय तथा व्यवसायिक शिक्षामा योगदान पुऱ्याउने उद्देश्य सहित सम्झौतापत्रमा हस्ताक्षर भएको छ। एक कार्यक्रम बीच उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका नायब प्रमूख कार्यकारी अधिकृत समिर शेखर बज्राचार्य र महासंघको तर्फबाट महासंघका अध्यक्ष उमेश प्रसाद सिंहले हस्ताक्षर गरेका थिए। उक्त सम्झौता बमोजिम अगामी दिनमा महासंघमा आवद्ध घरेलु तथा साना उद्योगीहरूलाई बैंकले व्यवसाय तथा त्यसको सम्भाव्यतालाई मुख्य आधार मानी सरल र सहज तरिकाबाट सर्वसुलभ व्याजदरमा कर्जा लगानी गर्ने र उद्यमीको विकासको लागि वित्तीय र व्यवसायिक साक्षारताको लागि सहकार्य गर्ने छ । महासंघका अध्यक्ष सिंहले खुशी व्यक्त गर्दै अगामी दिनमा झन सहज तरिकाबाट उद्योगीहरूले ऋण सुविधा प्राप्त गर्ने र आवश्यक व्यवसायिक साक्षारतामा बैंकको सहकार्य हुनेमा विश्वास व्यक्त गरे ।

साथै, बैंकले नेपालमै टिक्न ,सजिलो छ भन्ने नाराको साथ साना व्यापार तथा व्यवसायलाई प्रोत्साहन गर्न मुक्तिनाथ सरल कर्जा योजनाहरू ल्याएको छ ।

## हुन्डाईको फेस्टिभ डिलाइट २०८१ सार्वजनिक

**काठमाडौं (प्रस)–** हुन्डाई गाडीको लागि नेपालका आधिकारीक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा. लि. दशैं - तिहार लक्षित फेष्टिभ डिलाईट २०८१ योजना सार्वजनिक गरेको छ। आफ्ना ग्राहक महानुभावहरूको दशैं तिहार विशेष र हर्षोल्लासपूर्ण बनाउन हुन्डाईले विगतका वर्षहरूमा गाडीका साथै अन्य आकर्षक उपहारहरू दिँदै आएको छ । यस वर्ष पनि यहि परम्परा कायम राखि १ जना भाग्यमानीले हुन्डाई मेड इन नेपाल हुन्डाई भेन्यु लक्की ड्र मार्फत प्राप्त गर्न सक्नेछन्। हुन्डाईको चाड पर्व लक्षित योजना नेपाली अटोमोवाइल बजारमा सबैभन्दा बहुप्रतिक्षित योजना मानिदै आएको छ।

हुन्डार्ड फेष्टिभ डिलाइट २०८१ अन्तर्गत कुनैपनि हुन्डाई गाडीको खरीदमा रु. १० लाख सम्मको आकर्षक नगद छुट, स्काच कार्ड मार्फत थप रु.१ लाख सम्मको नगद छुटका साथै १ वर्षको लागि निःशुल्क सवारी वीमा तथा सवारी कर सुविधा पनि प्राप्त गर्न सक्नेछन् । आफ्ना ग्राहकहरूको सन्तुष्टिको निमित्त हुन्डाईले सदैव समय सापेक्षिक ग्राहक लक्षित योजनाहरू सार्वजनिक गर्दै आइरहेको छ ।

आउँदै गरेको ११ गते सुरु हुने नाडा अटो शो २०२४ मा बुकिङ्ग गर्ने ग्राहकहरूले पनि यस योजना बाट लाभान्वित हुन सक्नेछन। नाडा अटोशो २०२४ मा हुन्डाईको ए-२




स्टल भ्रमण गरेर सम्पूर्ण महानुभावहरूले हुन्डाईका विभिन्न उत्पादनहरूको अवलोकन गरी आफ्ना जिज्ञासाहरू पनि मेट्न सक्नेछन् । सबै हुन्डाईका गाडीमा ३ वर्ष वारेन्टी र ६ वर्षको फ्रि सर्भिसिङ्ग उपलब्ध छ। यो योजना मंसिर २२ (छठ पर्व) सम्म लागू हुनेछ।

यसै अवसरमा हालै चलिरहेको ‘हुन्डाई टेस्ट ड्राइभ एण्ड विन’ क्याम्पेन अन्तर्गत ग्राहकहरूले हुन्डाईको नेपालभरि रहेका कुनै पनि सोरुममा गई हुन्डाई गाडी को लाइनअपहरू मध्यबाट भर्खरै लन्च गरिएको नयाँ हुन्डाई क्रेटा र मेड इन नेपाल हुन्डाई भेन्यु टेस्ट ड्राइभ गरी आकर्षक उपहारहरू हात खाली नहुने गरी प्राप्त गर्न सकिनेछ।

लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि.ले नेपाल भरी १६ शोरुमहरू, १९ सर्भिस सेन्टरहरू तथा ४३ बढी चार्जिङ पोइन्ट मार्फत ग्राहकहरूलाई सेवा प्रदान गरिरहेको छ ।

## महालक्ष्मी बैंक र जेबी अटोमोटिभबीच सम्झौता




**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंक मार्फत टाटा ब्रान्डका गाडी खरिदको लागि ९.९९ प्रतिशतमै कर्जा प्रदान गर्ने समझदारी पत्रमा बैंक र नेपालका लागि टाटा गाडीको डिलर जे.बी अटोमोटिभ कम्पनी प्रा.लि बीच एक समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

सम्झौता अनुसार टाटा गाडी खरिद गर्न इच्छुक ग्राहकहरूले महालक्ष्मी विकास बैंकमा ९.९९ प्रतिशतमै कर्जा पाउनेछन् । विद्युतीय गाडीको हकमा अधिकतम ५ वर्ष अवधी रहने गरी भ्याट बिल वा कोटेशन मुल्यको ८० प्रतिशत, जुन कम हुन्छ, सो बराबरको कर्जा र विद्युतीय बाहेकको अन्य गाडीमा अधिकतम ८ वर्ष अवधी रहने गरी भ्याट बिल वा कोटेशन मुल्यको ५० प्रतिशत जुन कम हुन्छ, सो बराबरको कर्जा बैंकले प्रदान गर्नेछ ।

कर्जा लिन चाहने ग्राहकहरूले बैंकको आधिकारिक वेबसाइट, सामाजिक सञ्जालहरू, सम्पूर्ण शाखा कार्यालयहरू तथा पत्रपत्रिकामा रहेको क्युआर कोड स्क्यान गरेर समेत आवेदन दिन सक्नेछन् । विगत ३० वर्ष देखि अनवरत रूपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर १०३ शाखा कार्यालयबाट सेवा दिँदै आइरहेको छ ।

## बूढीगण्डकी आयोजनालाई तत्काल कार्यान्वयनमा लैजानुपर्छ : ऊर्जामन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले बूढीगण्डकी जलविद्युत् आयोजनालाई तत्काल कार्यान्वयनमा लैजानुपर्ने बताएका छन्। बूढीगण्डकी जलविद्युत् आयोजनाको वर्तमान अवस्था, चुनौती र भावी कार्यक्रमको बारेमा मन्त्रालयमा आयोजित छलफलमा उनले नेपालको ऊर्जा क्षेत्रको विकासका लागि बूढीगण्डकी परियोजनाभित्र देखिएका समस्यालाई समाधान गर्दै तत्काल कार्यान्वयनमा लैजानुपर्ने बताए ।

ऊर्जामन्त्री खड्काले बूढीगण्डकी परियोजनालाई अगाडि बढाउनका लागि ४२ अर्बभन्दा बढी मुआब्जा वितरण गरिसकेकाले आयोजना निर्माणबाट पछाडि हट्ने कुनै ठाउँ नरहेको उल्लेख गरे । ‘बूढीगण्डकी परियोजना अगाडि बढाउन परेको समस्यालाई समाधान गर्दै अगाडि बढाउनुपर्छ’, उनले भने ।

उनले बूढीगण्डकी परियोजनालाई अगाडि बढाउनका लागि अर्थमन्त्री, प्रधानमन्त्रीसँग छलफल गरेर अगाडि बढ्ने बताए । मन्त्री खड्काले बूढीगण्डकी परियोजनाजस्तै समस्यामा रहेको पञ्चेश्वर बहुउदेश्यीय आयोजनासमेतलाई अगाडि बढाउन सरकारले पहल गर्ने उल्लेख गरे । बूढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मधुप्रसाद भेटुवालले बूढीगण्डकी परियोजनालाई अगाडि बढाउनका लागि लगानी मोडालिटीलाई तत्काल टुङ्गोमा लगाउनुपर्ने बताए । उनले बूढीगण्डकी परियोजनामा कार्यरत करारका कर्मचारीको समस्यासमेत समाधान गर्नुपर्ने उल्लेख गरे ।

गोरखा र धादिङ जिल्लाका नौ स्थानीय तहलाई छुने गरी निर्माण हुन लागेको बूढीगण्डकी परियोजना एक हजार २०० मेघावाट क्षमताको रहेको छ । उक्त परियोजनाको कुल लागत रु तीन खर्ब ९८ अर्ब रहेको छ । उक्त आयोजना निर्माण हुँदा आठ हजार ११७ घरधुरी प्रभावित हुनेछन् । आयोजना प्रभावित अधिकांश बासिन्दालाई मुआब्जा वितरण गरिसकिएको कम्पनीले जनाएको छ ।

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ